मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५

Purwanchal National Daily




◆ वर्ष : २५ ◆ अङ्क : ९ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ मंसीर ९ गते सोमवार (Monday, November 25. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## ४५% युवा बिदेश जानुपूर्व ठगिन्छन्

**बिर्तामोड, मंसीर ८।** रोजगारीको खोजीमा विदेशिने युवाहरुको लर्को लागिरहेका बेला विदेश जानु अघि नै ४५ प्रतिशत युवा स्वदेशमा नै ठगिने गरेको तथ्याङ्क सार्वजनिक भएको छ ।

विदेश जानुअघि ४५ प्रतिशत, विदेश पुगे पनि भने अनुसारको पारिश्रमिक नपाएर २५ प्रतिशत र स्वास्थ्य जाँच फेल भएर १० प्रतिशत युवा ठगिने गरेको तथ्याङ्क सार्वजनिक भएको हो ।

नेपालको संविधानको भाग-३को मौलिक हक तथा कर्तव्य अन्तर्गतको धारा ३३मा रोजगारीको हक सम्वन्धी व्यवस्था गरिएको छ। संविधानको भाग ४को राज्य निर्देशिका सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा ५१ (झ) को श्रम र रोजगार सम्वन्धी नीति अन्तर्गत वैदेशिक रोजगारको विषयमा व्यवस्था गरिएको छ। जसमा वैदेशिक रोजगारीलाई शोषणामुक्त, सुरक्षित र व्यवस्थित गर्न श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने तथा वैदेशिक रोजगारबाट आर्जन भएको पुँजी, सिप, प्रविधि र अनुभवलाई स्वरोजगारमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने व्यवस्था गरिएको छ ।

वैदेशिक रोजगारीलाई मर्यादित र व्यवस्थित बनाउन सरकारले २०४२ सालमा वनेको ऐनलाई खारेज गर्दै २०६४मा वैदेशिक रोगजार ऐन जारी गरेको छ। सोही ऐन बमोजिम अहिले रोजगारीको क्रममा विदेश जाने कामदारहरुको हक अधिकार संरक्षणका लागि आवश्यक व्यवस्था गरेको छ। तर, पनि वैदशिक रोजगारमा जान नै नपाई स्वदेशमै धेरै युवा ठगिने गरेका छन् ।

झण्डै ४५ प्रतिशत युवा वैदेशिक रोजगारीमा जानु पर्नु नै ठगिने गरेको आइतवार बिर्तामोडस्थित होटल ग्रिन प्यालेसमा मानव अधिकारका लागि जनमञ्च ( पिपुल फोरम)ले आयोजना गरेको कार्यक्रममा वैदेशिक रोजगार विज्ञ अधिवक्ता सोम लुइँटेलले बताए। उनले भने - 'विदेश जानुअघि नै ४५ प्रतिशत युवा नेपालमै ठगिने गरेका छन् ।'

त्यस्तै वैदेशिक रोजगारीमा गएर पनि २५ प्रतिशतले भने अनुसारको पारिश्रमिक नपाउने  र अर्को समस्या रहेको नेपालमा मेडिकल पास हुने तर विदेशमा मेडिकल



फेल भएर नेपाली युवाले वैदेशिक रोजगारीमा अनेक समस्या झेल्नु परेको छ- अधिवक्ता लुइँटेलले भने- विदेशमा अलपत्र पर्ने र मृत्यु हुने जस्ता विकराल समस्याले वैदेशिक रोजगार चाहेर पनि सुरक्षित बन्न सकेको छैन ।'

मासिक एक हजारको हाराहारीमा नेपालीले वैदेशिक रोजगारीमा ज्यान गुमाउने गरेका छन् भन्दै उनले भने- ' विदेशमा ज्यान गुमाउनेहरुमध्ये उनीहरुका आफन्त जो-जो सँग प्रमाण छन्, उनीहरुले न्याय पाएका छन्, अन्यको हकमा भने त्यो अधिकारबाट पनि बञ्चित हुनु परेको छ।'

विदेशमा नेपाली कामदारको मृत्यु भएको खण्डमा वैदेशिक रोजगारबाट सात लाख र विमाकम्पनीबाट गरी १५ लाख रुपैयाँ क्षतिपूर्ति दिने व्यवस्था रहेको बताउँदै लुइँटेलले भने- 'श्रम स्वीकृति लिएर जो-जो विदेश जानु भएको छ, उहाँहरुको मृत्यु पश्चात परिवारले आर्थिक सहायत पाउनुभएको छ। जो श्रम स्वीकृति नै नलिई जानुभएको छ, उहाँको परिवारले आर्थिक सहायता पनि पाउन सक्ने अवस्था छैन ।'

झापामा रहेका गाउँपालिका तथा नगरपालिकाका न्यायिक समिति संयोजक तथा सदस्यहरुका लागि आयोजित वैदेशिक रोजगार कानून तथा क्षमता अभिवृद्धि कार्यक्रममा बोल्दै उनले पीडितका लागि ७७ जिल्लामा अहिले कानूनी सहायता कक्ष राखिएको जानकारी गराए। '७७ जिल्लाका २१ हजार ९ सय २० जना पीडितले अहिलेसम्म पिपुल फोरमको संयोजनमा सेवा पाएका छन्

(बाँकी अन्तिम पृष्ठमा)

## १० बर्षमा पनि बनेन विद्यालय भवन

पार्थ मण्डल

**भद्रपुर, मंसीर ८।** भारतीय सहयोगमा निर्माणाधीन झापाका एक सामुदायिक विद्यालय भवन बिगत एक वर्षदेखि अलपत्र अवस्थामा छाडेर निर्माण कम्पनीका ठेकेदार बेपत्ता भएका छन् ।

ठेकेदारले अलपत्र छाडेका अधुरो विद्यालय भवन साँझ परेपछि डेटिङस्थल बन्ने गरेको विद्यालयका शिक्षक तथा अभिभावक बताउँछन् । विद्यालयमा अध्ययनरत् विद्यार्थीलाई पठनपाठनका लागि अनुकूल वातावरण नहुनुका साथै कक्षा कोठाहरूमा झ्याल, ढोका र घेरावारा समेत छैन । साबिक पृथ्वीनगर गाविस हाल भद्रपुर नगरपालिका-३ सूर्यनगरस्थित अरनिको माध्यमिक विद्यालयको अलपत्र अवस्थामा छाडिएकै भवनमा विद्यार्थीहरू बर्षोदेखि जोखिम मोल्दै पठनपाठन गर्न बाध्य बनेका छन् ।

३२ कोठे दुई तले विद्यालय भवन अधुरो छाडेर विगत एकबर्षदेखि निर्माण कम्पनीका ठेकेदार सम्पर्कविहीन बनेका हुन् । विद्यार्थीहरू विगत १० वर्षदेखि सुविधायुक्त कक्षा कोठामा पठनपाठन गर्न पाउन सकेको छैन । भवन नबनेकाले कक्षा कोठाहरूमा बिजुलीबत्ती, पंखा जडान हुन सकेको छैन, खानेपानी र शौचालयको समस्या पनि त्यस्तै छ, विद्यालयको गेटसँगै वरिपरि घेराबारा नहुँदा विद्यार्थी र शिक्षक दुवै असुरक्षित महशुस गर्न थालेका छन् ।

वि.सं. २०२४ सालमा स्थापना भएको अरनिको माविको भवन स्तोरन्नतिका लागि भारत सरकार तथा भारतीय राजदुतावसले चार करोड २१ लाख रुपैयाँ बजेट विनियोजन गरेका थिए। २०६७ सालमा ३ करोड ८६ लाखमा राजधानी कन्स्ट्रक्सन काठमाडौँका सुवास लामाले भवन निर्माणको लागि ठेक्का लिएको थियो। ठेक्का लिएको करिब चार वर्षपछि अर्थात् २०७१ साल चैतदेखि भवन निर्माणको काम शुरु गरेको विद्यालयका प्रधानाध्यापक



पुरुषोत्तम खरेलले बताए। तत्कालीन जिल्ला विकास समिति झापाको प्राविधिक रेखदेखमा शुरु भएको विद्यालय भवनको निर्माण कार्य विगत एक वर्षदेखि ठप्प बनेको उनले बताए ।

**भवन नबन्दा विद्यालय नै डेटिङस्थल** !

२०७१ सालमा भवन निर्माण कार्य शुरु हुँदा पुराना भवन भत्किँदो टिन र टाँटी बेराले बनाइएको अस्थायी कक्षाकोठामा राखेर विद्यार्थीहरूलाई पढाएको विद्यालयका प्रधानाध्यापक पुरुषोत्तम खरेलले बताए। 'केही बर्ष दुःखले टिन र टाँटी भएकै कक्षाकोठामा विद्यार्थी पढायौं'- प्रधानाध्यापक खरेलले भने- 'ठेकेदारले भवन निर्माण कार्यमा शुरुदेखि नै ढिलासुस्ती गरेकै हो, भवन निर्माण पूरा नभएपछि झ्याल, ढोका नभएकै कक्षा कोठामै सर्न बाध्य भयौं ।

'भवन निर्माणको विषयमा पटक-पटक तत्कालीन जिल्ला विकास समितिलाई जानकारी गराउँदा समेत कुनै सुनुवाइ भएन'- उनले भने- 'अहिले 'विद्यालयको शैक्षिक गुणस्तर खस्किन थालेको छ, भवन निर्माण नहुँदा बेलुका ५ बजेपछि विद्यालय भवन नै डेटिङस्थल हुन्छ।' 'साँझ परेपछि विद्यालयमा कोही पनि हुँदैन, विद्यालयमा गेट र कम्पाउन्ड वाल पनि छैन, अनि टाढा टाढाबाट केटाकेटी आउँछ र भवनभित्र पसेर डेटिङ गर्छ'- उनले भने- 'यही कुरा कसैलाई भन्न पनि लाज लाग्छ, विद्यालयमा भएका सरसामान पनि चोरी हुन्छ, पानी खाने टुवेल कल पनि धेरै पटक चोरी भइसकेको छ ।'

**कक्षा कोठामा पानी पस्छ, गर्मीले बस्न सकिँदैन**

ठेकेदारले विद्यालय भवन अलपत्र छाडेर भागेपछि पठनपाठनमा समस्या उत्पन्न भएको कक्षा १०मा अध्ययनरत् विद्यार्थी सरोज बास्केले बताए। हामीलाई पढ्न सारै समस्या छ, कक्षा कोठामा झ्याल ढोका छैन,

(बाँकी अन्तिम पृष्ठमा)

## बिर्तामोड-भद्रपुर सडकखण्ड निर्माणको जिम्मा गिरीलाई

**बिर्तामोड, मंसीर ८।** बिर्तामोड-भद्रपुर सडकखण्ड निर्माण कार्यले गति लिने भएको छ ।

सडक निर्माणमा ढिलाइ गरेको भन्दै निर्माण व्यवसायी राजकिशोर गुप्तासँगको ठेक्का तोड्दै बिर्तामोडका व्यवसायी केदार गिरीलाई बिर्तामोड-भद्रपुर सडकखण्डको ठेक्का दिइसँगै सडक निर्माणले गति लिने भएको हो। काठमाडौंस्थित आशिष-प्रेरा जेभीले पेटी कन्ट्याक्टमा गुप्तालाई बिर्तामोड-भद्रपुर सडक खण्डको निर्माण कार्यको ठेक्का दिए पनि सडक निर्माणमा लापरवाही गरेको भन्दै चर्को आलोचना भएपछि कन्ट्रक्सनका प्रमुख विकास मल्लले बिर्तामोडका व्यवसायी गिरीलाई ठेक्का दिएका हुन्। ठेक्का पाए लगत्तै कञ्चन निर्माण सेवाले आइतवारबाटै बिर्तामोड-भद्रपुर सडकखण्डको निर्माण कार्य शुरु गरेको छ ।

२०७५ असार २४ निर्माणको सम्झौता गरेको कम्पनीले २७ करोड रुपैयाँको लागतमा ठेक्का लिएर कन्ट्याक्टमार्फत काम गराउँदै आएको छ। सम्झौता अनुसार काम सम्पन्न गर्ने समय झण्डै दुई महिना मात्र बाँकी छ। तर, कामले गति नलिएपछि ठेक्का तोड्दै निर्माण व्यवसायी गिरीलाई सडक निर्माणको जिम्मा लिइएको बताइएको छ ।

## प्रदेश नं. १लाई मुख्य पर्यटकस्थल बनाइने: मुख्यमन्त्री

**विराटनगर, मंसीर ८।** नेपाल भ्रमण वर्ष सन् २०२० लाई सफल बनाउन प्रदेश नं १ सरकार पूर्वका विशेष स्थानहरूको परिचय खुलाउनमा व्यस्त देखिएको छ ।

नेपालको सबैभन्दा गहिरो स्थान झापाको केचनाकबल र विश्वकै सबैभन्दा अग्लो चुचुरो सगरमाथा पनि यसै प्रदेशमा पर्ने भएकाले पनि प्रदेश नं. १ लाई पर्यटकीय गन्तव्यस्थल बनाउन सकिने प्रदेश सरकारको अठोट छ ।

कोशी वन्यजन्तु आरक्षण क्षेत्र, चिया खेती, अलैंची, सुन्तला, देशकै सबैभन्दा ठूलो प्राकृतिक पोखरी बर्जुताल, रुद्राक्ष र विभिन्न प्रजातिका लालीगुराँस फुल्ने क्षेत्र र अन्य साना हिमाल, पहाड, मधेश वनजंगल र प्राकृतिक सौन्दर्यता भरिपूर्ण अन्य धेरै स्थानको खोजी र पहिचानमा प्रदेश सरकार लागीपरेको छ। धार्मिक दृष्टिले



पनि बराह क्षेत्रदेखि पाथीभरामाईको मन्दिर यस प्रदेशमा हुनुले सबै किसिमको पर्यटकलाई लोभ्याउन सकिने आइतवार एक समारोहमा सरकारका प्रतिनिधिहरूले  उद्घोष गरेका छन् ।

पर्यटन वर्षलाई सफल बनाउन उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले 'पर्यटक र अतिथिको सत्कार प्रदेश नं. १को संस्कार' विषयक कार्यक्रमको आयोजना गरी विभिन्न देशका एक सय पर्यटकलाई भव्य स्वागत गरेको छ। मुख्यमन्त्री शेरधन राईले प्रदेश नं. १ लाई पर्यटकीयस्थल बनाउन सरकारले कुनै कसर बाँकी नराख्ने बताए ।

उनले पर्यटकका लागि अब नेपालको राजधानी काठमाडौँ, चितवन, पोखरा र लुम्बिनीमात्र नभएर प्रदेश नं. १ पनि आकर्षकको केन्द्र हुने भन्दै यहाँका विशेषता, संस्कार र भौगोलिकतालाई बुझेर प्रदेश सरकारले विभिन्न योजना बनाउन लागेको बताए ।

उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री जगदीश कुसियतले नेपाल भ्रमण वर्षलाई सफल बनाउन हामी सबैको दायित्व हो भन्दै प्रदेश

(बाँकी अन्तिम पृष्ठमा)

## बलात्कारको भिडियो फेसबुकमा पोष्ट गर्दा...

**झापा, मंसीर ८।** बलात्कारका घटना बढी रहेका बेला बलात्कारको भिडियो बनाएर सामाजिक सञ्जालमा पोष्ट गर्ने एक व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ ।

२०७३ साल माघ १६ गते पाँच जनाको समूहले कपिलवस्तुको मायादेवी गाउँपालिलका-१ पकडीको सिसौबारीमा स्थानीय एक युवतीमाथि सामुहिक बलात्कार गरेको थियो ।

प्रहरीका अनुसार बलात्कार गर्ने युवाहरुले नै उक्त भिडियो सामाजिक सञ्जाल फेसबुकमा पोष्ट गरेका थिए। सोही घटनाका मुख्य अभियुक्त मायादेवी गाउँपालिका-१का २१ वर्षीय कलामुद्दिन मुसलमानलाई प्रहरीले पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालय कपिलबस्तुका प्रहरी नायब उपरीक्षक (डीएसपी)

(बाँकी अन्तिम पृष्ठमा)




## सीमा अतिक्रमणको विरोधमा सांस्कृतिक अभियान

**झापा, मंसीर ८।** 'सीमा बचाऔं संयुक्त सांस्कृतिक अभियान, नेपाल' ले हालै भारत सरकारले प्रकाशन गरेको नक्सामा नेपालको भू-भाग राखेकामा त्यसलाई अविलम्ब सच्याउन माग गरेको छ ।

अभियानले आइतबार पत्रकार सम्मेलन गरी मुलुकको अखण्डता र राष्ट्रिय स्वाधीनताका विषयमा सबै कलाकार एकतावद्ध रहेको जनाएको छ। अभियानका संयोजक एवम् सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का केन्द्रीय सदस्य खगेन्द्र राईले नेपाली जनताको सार्वभौम अधिकार रक्षाका लागि देशविदेशमा रहेका सबै सांस्कृतिकर्मीलाई अभियानमा सामेल हुन आग्रह गरे ।

नेपालका ६० स्थानभन्दा बढी ठाउँमा भारतसँग सीमा समस्या रहेकाले त्यसको समाधानका लागि सरकारले कूटनीतिक पहल गर्नुपर्नेमा जोड दिँदै उनले दुबै देशका जनताबीच सदियौं पूरानो सांस्कृतिक तथा सामाजिक सम्बन्ध रहेकाले सीमा विवादका विषयमा आफूले भारतका कलाकरसँग कुरा गरेको समेत बताए ।

अभियानले सरकार र सबै राजनीतिक दललाई सीमा समस्या समाधानका लागि ज्ञापनपत्र बुझाउने र आगामी दिनमा साहित्य, नाटक र गीतलगायत माध्यमबाट जनमत सिर्जना गरी चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने जनाएको छ। सोअन्तर्गत यही मंसीर ९ गते काठमाडौंस्थित भारतीय दूतावासमा बिरोधपत्र बुझाउने कार्यक्रम तय गरिएको छ ।

अभियानमा जन सांस्कृतिक महासंघ नेपाल, नेपाल सांस्कृतिक संघ, रक्तिम सांस्कृतिक अभियान र समाजवादी सांस्कृतिक महासंघ आवद्ध छन् ।



## पृथ्वीको आम्दानी ४३ लाख



**सुरुङ्गा, मंसीर ८।** कनकाई नगरपालिका- ३ सुरुङ्गामा रहेको पृथ्वी बचत तथा ऋण सहकारी संस्थाको सातौं वार्षिक साधारणसभा सम्पन्न भएको छ।

राष्ट्रिय सहकारी बैंकका केन्द्रीय लेखा सुपरिवेक्षण समिति संयोजक लक्ष्मीप्रसाद उप्रेतीको प्रमुख आतिथ्य र संस्थाका अध्यक्ष कुमारमणि पोखरेलको सभापतित्वमा सभा सम्पन्न भएको हो। संस्थाले आर्थिक वर्ष २०७५/०७६मा ४२ लाख ४८ हजार पाँच सय ४५ रुपैयाँ ७६ पैसा आम्दानी गरेको साधारणसभामा जानकारी गराइयो।

सहकारीका उपाध्यक्ष एलपी उप्रेतीले स्वागत गरेको कार्यक्रममा कनकाई सामुदायिक वन समूहका अध्यक्ष ख्याम ओली, कन्काई बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष लक्ष्मी पाठक, शुभेच्छा बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष बालकृष्ण चेम्जोङ, संस्थाका सल्लाहकार टीकाप्रसाद कट्टेल, आशा शर्मा शिवाकोटी लगायतले शुभकामना मन्तव्य राखेका थिए। कार्यक्रमको सञ्चालन सस्थाका सचिव शिवकुमार कडेलले गरेका थिए। सो अवसरमा सहकारीमा आवद्ध उत्कृष्ट बचतकर्ता ऋणीलाई सम्मान समेत गरिएको थियो।

## कुखुरा हत्या गरेको आरोपमा सात जना पक्राउ

**झापा, मंसीर ८।** कुखुराको हत्या गरेको आरोपमा प्रहरीले पक्राउ गर्‍यो भन्दा तपाईंलाई अच्चम लाग्न सक्छ। तर, कुखुराको हत्या गरेको आरोपमा सात जनालाई प्रहरीले पक्राउ गरेको छ।

भारतमा एउटा कुखुरा मारेको विषयलाई लिएर ठूलै दंगाफसाद भएको छ। यो काण्डमा अहिलेसम्म ७ जना पक्राउ गरी प्रहरीले मुद्दा दर्ता गरिसकेको छ। मृतक कुखुराको पोस्टमार्टम भइसकेको छ भने घटनाको थप छानविन गरिरहेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएको छ। मान्छेको हत्या हुँदा समेत प्रहरी चुप लागेर बसेको भन्ने आरोप लाग्छ हाम्रो देशमा। तर, भारतमा चाहिँ कुखुराको मृत्युको घटनाले प्रहरीको निद्रा भगाइदिएको छ।

बिहारस्थित कैमुर जिल्लाको फिरोजपुर गाउँमा यो घटना भएको हो। घटना अनुसार स्थानीय एकजना महिलाको कुखुरा फार्मबाट छिमेकीले कुखुरा चोरेर हत्या गरेको बताइएको छ।

आफ्नो कुखुरा चोरेर मारेको भन्दै ती कुखुरा धनी महिला र उनका छोरा चोरी गर्ने छिमेकीको घरमा पुगे। तर, कुखुरा चोर्ने छिमेकीले उल्टै ती आमा छोरालाई पिटेर घाइते बनाए। ती महिलाले आफ्नो कुखुरा चोरी गरेको, कुखुरा मारेको र आफूमाथि कुटपिट गरेको भन्दै आफ्ना ७ जना छिमेकीविरुद्ध प्रहरीमा उजुरी दिइन्।

प्रहरीले ती सातै जनालाई पक्राउ गर्‍यो। मृत्यु भएको कुखुरालाई पोस्टमार्टमका लागि पशु अस्पतालमा पठाइएको जनाइएको छ। - एजेन्सी

# गौरादहमा धार्मिक पर्यटन महोत्सव

**झापा, मंसीर ८।** झापाको गौरादहमा आइतवारबाट आध्यात्मिक तथा सांस्कृतिक पर्यटन महोत्सव २०७६ शुरु भएको छ।

गौरादह नगरपालिका-३स्थित अतिथि सदनमा शुरु भएको महोत्सवमा पहिलो दिन बिहान भव्य रुपमा कलशसहितको शोभा यात्रा निकालिएको थियो। पञ्चेबाजासहित निकालिएको शोभायात्रामा हजारौंको संख्यामा भक्तजनको सहभागिता रहेको थियो।

महोत्सवस्थलबाट निकालिएको शोभायात्राले गौरादहको सनराइज टोल पञ्चेश्वर मन्दिर, निलगिरि, हाइस्कूल, दुर्गा मन्दिर हुँदै बजार परिक्रमा गरी डिपुचोक, स्कूलचौन हुँदै पुनः महोत्सवस्थल पुगेर कलश बिसर्जन गरिएको थियो।

कलश यात्रामा विभिन्न मठमन्दिरका भक्तजनहरु, शिक्षक, संघ-संस्थाका प्रतिनिधि,समाजसेवी र स्थानीयवासिहरुको उल्लेख्य मात्रामा उपस्थिति रहेको थियो। महोत्सव मूल समारोह समितिको आयोजना तथा उद्योग वाणिज्य संघ गौरादहको सहआयोजना र नेपाल मानव धर्म सेवा समिति गौरादह शाखाको संयोजनमा महोत्सव सञ्चालन गरिएको हो। गौरादह तथा आसपासका क्षेत्रमा रहेका धार्मिक तथा पर्यटकीय स्थलको प्रवर्द्धन तथा अन्य क्षेत्रमा समेत प्रचारप्रसार गराउने उद्देश्यले सञ्चालन गरिएको धार्मिक तथा सांस्कृतिक महोत्सव यहीँ १६ गतेसम्म सञ्चालन गरिने समितिका सचिव शान नेपालले जानकारी गराए।

प्रदेश नं. १का प्रदेश प्रमुख तथा कार्यक्रमका प्रमुख अतिथि सोमनाथ अधिकारी प्यासीले महोत्सवको उद्घाटन गर्दै नेपाल सरकारले अवलम्बन गरेको पर्यटन बर्ष २०२०लाई समेत यस महोत्सवले सघाउ पुर्‍याउने बिश्वास व्यक्त गरे। प्रदेश नं. १का आन्तरिक मामिला तथा कानूनमन्त्री हिक्मतकुमार कार्कीले महोत्सवले गौरादह क्षेत्रमा रहेका धार्मिक तथा पर्यटकीय क्षेत्रको प्रचारप्रसार गर्दै आन्तरिक पर्यटक प्रवद्र्धन गर्दै समाज र देशलाई रुपान्तरण गर्न धार्मिक तथा पर्यटन क्षेत्रको बिकासमा सहयोग पुर्‍याउने बिश्वास व्यक्त गरे। गौरादह नगरपालिकाका मेयर रोहितकुमार साहले नगरको बिकासका लागि महोत्सवको आवश्यकता रहेको धारणा राखे।

महोत्सवको पहिलो दिन महाआरती, भजन कीर्तन, मोटिभेस्नल स्पीच हुने र आजबाट शुरु हुने महापुराणमा व्यासाचार्य भुवन गुरु र अन्य पण्डितहरुबाट संगीतमय श्रीमद्भागवत कथा वाचन, प्रवचन शुरु हुने आयोजकले जनाइएको छ। महोत्सवमा पाथीभरा, लुम्बिनी जोन र मुक्तिनाथलाई एकैठाउँमा समेटिएको छ।

विभिन्न जातजातिका विभिन्न सांस्कृतिक मौलिक कला प्रस्तुतिका साथै सहभागी हुने दर्शकहरुका लागि मनोरम दृष्यको व्यवस्था मिलाइएको छ भने व्यापारिक स्टलहरुको व्यवस्थापन गरिएको छ। महोत्सवमा प्रत्येक दिन बिहान योग विज्ञान शिविर सञ्चालन भइरहेको जनाइएको छ। पतञ्जलि गौरादह नगर अध्यक्ष निर्मल बास्तोला र पुष्कर खड्काले सयौंको संख्यामा सहभागीहरुलाई खानपान, व्यायाम, विभिन्न आसनहरु, कपालभाँती र नशा सम्बन्धी विषयहरुमा सहभागीहरुलाई प्रशिक्षण दिइने आयोजकले जनाइएको छ। कार्यक्रममा पूर्वसांसाद दीपक कार्की, गौरादह नगरपालिका मेयर रोहितकुमार साहलगायतको सहभागिता थियो।

उद्घाटन कार्यक्रम महोत्सव मूल आयोजक समिति संयोजक डा. तिलक खनालको सभापतित्वमा सम्पन्न भएको थियो।

## चोरीका घटना बढे

**झापा, मंसीर ८।** दमकमा पछिल्लो समय चोरीका घटना बढेर गएका छन्। योसँगै स्थानीयवासी र व्यवसाय चिन्तित बनेका छन्।

दमकको बजार तथा आसपासका क्षेत्रमा समेत दिनहुँ जसो रातैपिच्छे चोरी र लुटपाटका घट्ना भएपछि दमकको सुरक्षा व्यवस्था कमजोर सावित हुँदै गएको स्थानीयको आरोप छ। दमक उद्योग वाणिज्य संघका कार्यवहाक अध्यक्ष गोपाल गुरागाँईका अनुसार एक सातायता दमकका ३ वटा व्यवसायिक फर्म तथा पसलहरुमा दुले चोरीका घटना भएका छन्।

विहीवार राति दमक-६ शंखधर चोकस्थित राय पान पसलमा करिब ३५ हजार रुपैयाँ बराबरको सामान तथा दुईवटा खुत्रुके चोरीएको पीडित रमेश रायले बताए। उनका अनुसार चोरले चार स्टेपका ताला तथा लक तोडेर त्यहाँ चोरी गरेको देखिन्छ। घट्नाबारे स्थानीय प्रहरीमा जानकारी गराइ सकिएको कार्यवहाक अध्यक्ष गुरागाइँले बताए।

बुधबार राति दमककै फाल्गुनन्द चोकमा रहेको स्थानीय पदम दर्नालको सुनचाँदी पसलमा समेत एक तोला सुनसहित ३/४ केजी चाँदीका सामान चोरी भएको सो क्षेत्रका स्थानीय तथा दमक उद्योग वाणिज्य संघका द्वितीय उपाध्यक्ष राजकुमार योङ्याले बताए। यसअघि दमक-६ स्थित एउटा रेडिमेड कपडाको पसलमा समेत रातको समयमा चोरी भएको थियो।

स्थानीय प्रहरी होटल तथा अन्य विभिन्न धन्दाका मानिसहरुसँग हप्ता असुलीमा केन्द्रित हुँदा यहाँको सुरक्षा अवस्था कमजोर बन्दै गएको दमकबासीहरुको गुनासो छ। बजार क्षेत्रमा सुरक्षाका लागि पर्याप्त ध्यान नदिँदा दशैं तिहारको मौकामा शुरु भएको चोरीका घट्नाहरु श्रृखंलाबद्ध रुपमा भइरहेका स्थानीयको आरोप छ।

दमकको भृकुटी चोक, फाल्गुनन्द चोक, क्याम्पसमोड, किराँत चोक लगायतका क्षेत्रमा दिनहुँ जसो दुले चोरीका घट्ना भइरहे पनि प्रहरीको रात्री गस्ती कमजोर रहेको सर्वसाधारणको बुझाई छ।

## मृत्युपछि विमाको पाँच लाख प्रदान



**बिर्तामोड, मंसीर ८।** रिलायवल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडमा जीवन विमा गरेका कचनकवल-७ निवासी एक व्यक्तिको मृत्यु भएपछि उनको परिवारलाई विमा वापतको रकम प्रदान गरिएको छ।

विमा गरेको पहिलो किस्ता मात्रै तिरेका कचनकवल-७ निवासी सूर्यनारायण राजवंशीको मृत्यु भएपछि उनको परिवारलाई विमा वापतको पाँच लाख रुपैयाँ प्रदान गरिएको हो।

गाउँपालिका उपाध्यक्षा निमसरी राजवंशीको प्रमुख आतिथ्यमा विमा वापतको रकम प्रदान गरिएको नेपाली कांग्रेस ट्रेड युनियन कचनकवलका सभापति सञ्जीव प्रधानले जानकारी दिए।

एक्सल डेभलवमेन्ट वैंकमा ऋण लिएका राजवंशीको केही समय अघि निधन भएको थियो। पहिलो किस्ता तिरे लगत्तै उनको मृत्यु भए पनि विमा वापतको रकम हस्तान्तरण गरिएको बताइएको छ।

रकम हस्तान्तरण कार्यक्रममा कचनकवल गाउँपालिका वडा नम्वर ७ का अध्यक्ष भरत राजवंशी, नेपाली कांग्रेस क्षेत्र नम्वर ३का सचिव गीता प्रसाद भट्टराई, एक्सल डेभलपमेन्ट वैंक कचनकवलका शाखा प्रवन्धक राजन ढकाल, रिलायवल लाइफ इन्स्योरेन्सका बिर्तामोड शाखा प्रबन्धक तैफिक आलम सेख, कचनकवल शाखा प्रवन्धधक पदमबहादुर श्रेष्ठ, प्रेम भण्डारी, सुर्दशन दाहाल, भुपाल घिमिरे लगायतको आतिथ्य रहेको थियो।

### ४५ % ...

उनले भने- '६५ करोड २ लाख १६ हजार ६ सय ८५ रुपैयाँ पीडितले क्षतिपूर्ति पाएका छन्।

विदेश जाँदा र विदेश जानुपूर्व युवा ठगिएपछि न्याय माग्दै स्थानीय तहमा रहेका न्यायिक समितिमा युवाहरु पुग्ने गरेको न्यायिक समितिका संयोजकले बताउँदै आएका छन्।

वैदेशिक रोजगारीका मुद्दा समेत स्थानीय तहमा आउने गरेको भन्दै बुद्धशान्ति गाउँपालिकाकी उपाध्यक्ष एवम् न्यायिक समितिकी संयोजक मीरा भुर्तेलले वैदेशिक रोजगार सम्वन्धिको तालिम उपयोगी भएको बताइन्। उनले भनिन्- न्यायिक क्षेत्रमा काम गर्नका लागि यस्ता तालिम फलदायी हुने र यसले मेलमिलापको आधारमा न्याय सम्पादन गर्न सहज हुन्छ।'

बिर्तामोड नगरपालिकाकी उपप्रमुख तथा न्यायिक समिति संयोजक पवित्रा महतरा प्रसाईले वैदेशिक रोजगारीका क्षेत्रमा भएको समस्या समाधानका लागि यस्ता तालिमले न्याय सम्पादनका लागि गाँठो फुकाउने काम गर्ने बताइन्। पिपुल फोरमले आयोजना गरेको तालिममा स्थानीय तहका न्यायिक समितिका पदाधिकारीलाई न्याय सम्वन्धी कानूनका विषयमा जानकारी गराइएको परियोजना संयोजक अधिवक्ता कृष्णप्रसाद न्यौपानेले बताए।

तालिममा झापाका १५ वटा स्थानीय तहमध्ये १३ वटा स्थानीय तहका जनप्रतिनिधिले सहभागिता जनाएका थिए। उनीहरुका लागि वैदेशिक रोजगार विज्ञ लुइँटेलसहित समाजकल्याण परिषद्का कानूनी सल्लाहकार अधिवक्ता नरेन्द्रप्रकाश खनाल, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव उमेश ढुङ्गाना, पिपुल फोरमका परियोजना संयोजक न्यौपाने, झापा फोकल पर्सन अधिवक्ता देवेन्द्र भण्डारी, विमलकुमार संग्रौला लगायतले सहजीकरणा गरेका थिए।

तालिममा सहभागी रहेका ३६ जना न्यायपालिकाका पदाधिकारीलाई वैदेशिक रोजगार कानून, नेपालको न्याय प्रणाली, वैदेशिक रोजगारको अवसर र चुनौति, मानव वेचविखन र कानून, वैदेशिक रोजगारी सम्बन्धी सरकारी संयन्त्र र न्यायिकक समिततको अधिकारका विषयमा जानकारी गराइएको थियो।

तीन दिनसम्म सञ्चालन भएको तालिम समापन विर्तामोड नगरपालिका उपप्रमुख प्रसाईको अध्यक्षतामा भएको थियो। समापन सत्रमा गौरादह नगरपालिका उपप्रमुख गीता भेटुवाल, पिपुल फोरमका लुइँटेल, कमल गाउँपालिकाकी तारा बोगटी, कनकाई नगरपालिकाबाट छुटबहादुर राई लगायतले बोलेका थिए।

# सुनसान फिल्मी व्यापार

एक बर्षमा कतिवटा चलचित्र हिट भएको खण्डमा खुशी हुने ? वा एकबर्षमा कतिवटा चलचित्र हिट हुँदा त्यो बर्षलाई सुखद् मान्ने ? चलचित्र निर्माण गर्ने हरेक निर्मातालाई आफ्नो चलचित्रले लगानी उठाओस् भन्ने नै हुन्छ। तर, नेपाली चलचित्रको बक्स अफिस भने केही नाम चलेका ब्यानर र हिट चलचित्रका सिरिजको व्यापारमा टिकेको छ।

तिहारपछि काठमाडौमा चिसो बढ्दै जाँदा नेपाली चलचित्रको व्यापार भने देशभर नै चिसिएको छ। यस्तो व्यापारले फेरि एकपटक चलचित्र बनाउनेलाई सोच्न बाध्य गराउँछ। उसो त, यो बर्ष नाम चलेका कलाकारदेखि ब्यानरका चलचित्रको व्यापार नै चिसो भयो। तिहार बिदाको फाइदा उठाएको चलचित्र 'पोई पर्‍यो काले'ले केही दिन हलमा दर्शकलाई तानेको थियो। त्यसपछि भने चलचित्रको व्यापार निकै नै



कमजोर छ। यतिसम्म कि, नाम चलेका कलाकारलाई हेर्न दर्शक नआउँदा शो समेत क्यान्सिल गर्नुपर्ने अवस्था आएको छ।

कात्तिक १५मा रिलिज भएको 'बादशाह जुट', कात्तिक २२मा रिलिज भएको 'घामड शेरे, जीवन काँडा कि फूल', कात्तिक २९ गते रिलिज भएका 'मिस्टर नेपाली, संझिराख हैं' को व्यापार निकै नै कमजोर रह्यो। कलाकार निश्चल बस्नेत र नायिका स्वस्तिमा खड्का अभिनित चलचित्रले पनि दर्शक इनिसिय रूपमा तान्न सकेन।

मंसीरको ६ अर्थात् शुक्रबारदेखि रिलिज भएको चलचित्र 'च च हुई' ले इनिसियल व्यापार गर्ने अपेक्षा थियो। तर, यो चलचित्रलाई पनि दर्शकले पत्याएको देखिएन। शुक्रबार र शनिबार चलचित्रको व्यापार निकै नै कमजोर छ भने आइतबारदेखि अधिकांश मल्टिप्लेक्सले यो चलचित्रको शोज कटौती गरिसकेका छन्।

नायक आर्यन सिग्देलदेखि कलाकार निश्चल बस्नेतलाई समेत दर्शकले पत्याएनन्। चलचित्रको व्यापार फेरि सुस्ताएको छ। यो सुस्त व्यापार कहिलेसम्म रहला, यो भने सोचनिय बिषय बनेको अनलाइन खबरले जनाएको छ।

### १० बर्षमा ...

बर्खामा पानी पस्छ, गर्मीमा बस्न सकिँदैन- उनले भने। सुरक्षित विद्यालयबाट पठनपाठन गर्न वञ्चित हुनु परेको विद्यार्थी भूमिका शर्माले बताइन्। त्यस्तै विद्यार्थी सुभाष सोरेनले भने- 'कक्षा कोठामा पानी जम्दा विद्यार्थीले फाल्नुपर्ने हुन्छ, पानी र हावाहुरी चल्दा सरहरूले विद्यालय नै बन्द गर्नुपर्ने हुन्छ।' 'झ्याल ढोका नभएकोले विद्यार्थी लड्ने जोखिम छ'- विद्यार्थी सवनम श्रेष्ठ भनिन्- 'बाहिरबाट नाना थरिका मान्छे आउँछ, विद्यार्थीलाई हेर्छ जसले गर्दा पढाई समेत प्रभावित हुँदैछ।' 'बर्खाको बेला कक्षा कोठामा पानी पस्छ, हावाहुरी चल्दा कक्षा कोठामा बस्नै सकिँदै, गर्मीमा पंखा चलाउने बिजुलीको व्यवस्था पनि छैन'- शिक्षक खेमराज चिमरियाले भने- 'यी समस्याका बाबजुद विद्यार्थीहरूलाई पढाइरहेका छौं।' ठेकेदारको लापरबाहीले विद्यार्थी र शिक्षकले समस्या भोग्नुपरेको उनको गुनासो छ।

**पेटी ठेकेदारले भवन निर्माण अलपत्र**

नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौलाले शिलान्यास गरेको भवन अहिलेसम्म बन्न नसकेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रदीप सुवेदी बताउँछन्। 'निर्माण कम्पनीका ठेकेदार लामाले भवनको ठेक्का लिए पनि एक पटक मात्र विद्यालय आएको हो'- अध्यक्ष सुवेदीले भने- 'त्यसपछि अनुहार पनि देखाएको छैन, ठेकेदारकै लापरबाहीले भवनको हालत यस्तो छ।'

ठेकेदार लामाले भवनको जिम्मा पेटी ठेकेदार प्रकाश सिंहलाई दिएको बताउँदै अध्यक्ष सुवेदीले भने- 'हालसम्म बनाइएको विद्यालय भवनको निरीक्षण गर्दै भारतीय राजदुतावासका प्रतिनिधिले पनि भवनको गुणस्तरमा प्रश्न चिन्ह उठाइएको छ, यो भवनमा कमसल सामग्री प्रयोग गरिएको त्यसै बेला खुल्यो।' अहिले एक बर्षदेखि पेटी ठेकेदार सिंह विद्यालय नआएको उनको भनाइ छ। 'भवन नबन्दा समितिका पदाधिकारीहरू तत्कालीन जिविस हालको जिसस, सिडिओ कार्यालय, शिक्षा कार्यालय र भद्रपुर नगरपालिकालाई लिखित तथा मौखिक रूपमा पटक-पटक ध्यानाकर्षण गराए पनि हालसम्म काम सुचारु हुन सकेको छैन'- उनले भने।

**यस्तो भन्छन् जनप्रतिनिधि**

देशको संघीय संरचना परिवर्तन भई तीन तहको सरकार गठन भइसकेको पनि दुई बित्यो। तर, २०६७ सालमा लागेको भवनको ठेक्का १० वर्ष बित्न लाग्दा समेत जस्ताको त्यस्तै छ। भारतीय सहयोगमा बन्ने विद्यालय भवनको निर्माण कार्य सम्पन्न गराउन जिल्ला समन्वय समिति झापाले पहल गरिरहेको अध्यक्ष सोमनाथ पोर्तेलले बताए। निर्माण कार्यमा ढिलासुस्ती भएकै हो, मैले पनि भवनको अनुगमन गरेर सम्बन्धी निकायलाई जानकारी गराइसकेका छौं- अध्यक्ष पोर्तेलले भने- 'निर्माण कम्पनीले काम गर्ने आश्वासन दिएको छ, २०७७ वैशाख सम्म अधुरो काम सम्पन्न हुन्छ।

### बलात्कारको ...

सुनिल मल्लले फरार कलामुद्दिन मुसलमानलाई घर आएको बेलामा विशेष सुराकीको आधारमा पक्राउ गरिएको जानकारी दिए।

घटनामा संलग्न रहेको आरोपमा मायादेवी गाउँपालिका-१का २६ वर्षीय राहत हुसेन र २० वर्षीय बब्लु भन्ने अब्दुल रसिद मुसलमान यसअघि नै पक्राउ परेका थिए।

### प्रदेश ...

नं. १ मा पाँच लाख पर्यटक भित्र्याउने कार्यक्रम बनाएको जानकारी दिए। नविल बैंकका कार्यकारी अध्यक्ष अनिलकेशरी साहले पहिले देश अनिमात्र विदेश रणनीति बनाउन सकियो भने नेपालमा पर्यटक लागि समस्या नहुनेमा जोड दिए।


**घर बनाउनका लागि नयाँ प्रविधि**

इटा, गिटी, बालुवा दोस्रो, तेस्रो, चौथो तथा पाँचौं तलासम्म लानका लागि मिनी क्रेन उपलब्ध छ। साथै मिक्सचर, जेनेरेटर, भाइब्रेटर, रड, काट्ने-बटार्ने कोरियन मेसिनहरु भाडामा उपलब्ध छ।

सम्पर्क: ०२३-५४५७५३, ९८१७९५४२३८

**आकर्षक घडेरी विक्रीमा**

चारपाने चौक, पूर्व बस स्टेण्ड, NICA बैंक उत्तर, सहारा नेपालको नयाँ भवन पछाडि, राजमार्गवाट ३ सय मिटर दुरीमा आकर्षक घडेरी विक्रीमा छ। दुईवटा वाटाले छोएको पर्‍याप्त मुख भएको जग्गा विक्रीमा रहेकाले इच्छुकले सम्पर्क राख्नु होला।

सम्पर्क : ९८५२६७५३०९/९८०६०५४३६३

**रोङ गाउँपालिकाको गाउँसभाको विशेष बैठकमा उपस्थित हुने सूचना**

यस गाउँपालिकाको तपसिलमा उल्लेखित कार्यसूची माथि छलफल गर्ने गरी निम्न मिति, समय र स्थानमा यस रोङ गाउँपालिकाको विशेष गाउँसभा बस्ने भएको हुनाले उपस्थितिका लागि अध्यक्षज्यूको आदेशानुसार सम्पूर्ण गाउँसभा सदस्यज्यूहरुमा अनुरोध गर्दछु।

**विशेष बैठक बस्ने :**

मिति : २०७६ साल मंसीर १६ गते सोमबार

समय : विहान १०:३० बजे।

स्थान : रोङ गाउँ कार्यपालिकाको सभाहल

**सभाको विशेष बैठकमा पेश हुने कार्यसूची :**

१) मिति २०७६ साल असार १८ गते स्वीकृत आ.व.०७६/०७७ को बजेट तथा कार्यक्रममा आवश्यक संशोधन तथा मिलान।

२) रोङ गाउपालिकाको शिक्षा ऐन, २०७६ निर्माण।

३) न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ र रोङ गाउँपालिकाको सहकारी ऐन,२०७४ मा संशोधन।

४) विभिन्न विषयगत समितिहरुको गठन।

५) विविध विषयवस्तुहरु।

डिकप्रसाद दाहाल: प्रमुख प्रशासकीय अधिकृत

**रोङ गाउँपालिका**, पहरीगाउँ इलाम

**जग्गा विक्रीमा**

शनिश्चरे बजार हुँदै कुशल चौकबाट एक सय मिटर दक्षिण, ३३ फुट मुख भई पूर्व फर्केको, ४० फुटे बाटोले छोएको डेढ कठ्ठा जग्गा अत्यन्त सस्तो मूल्यमा विक्रीमा रहेको हुँदा इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला।

मो. ९८४२६५५९५०/९८०४९६९९९०

**टाटा सुमो गाडी भाडामा चाहिएमा**

बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला।

मो. ९८१५९५२४९९, ९८४१३२१४६४

**कर्मचारी तु-चाहियो**

पञ्चकन्या हुँदै प्रोभिडेन्स कलेज, कृष्ण हल, मुक्तिचोक, महेन्द्र शोरुम पूर्व, कृषिथोक, शनिश्चरे लाइन तथा लक्ष्मीपुरबाट दुर्गापुर, सिमसार, कालिमुढा हुँदै चम्पापुरसम्म पत्रिका वितरण गर्न कर्मचारी आवश्यकता भएकाले तु-सम्पर्क गर्नुहोला।

मोटरसाइकल हुनुपर्नेछ। तलबः १०,०००+ बोनसले गाडी मेन्टेन गर्न सकिनेछ।


सम्पर्क: ९८०१४०४०००, ९८१६६४१५७३

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।



भूपाल बुढाथोकी

023-545402

9825952677

9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।


श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी

■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा

■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

## नेकपा एकीकरण र सरकारको निरन्तरता


**नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को एकता प्रक्रिया अझैसम्म पनि पूरा भएको छैन । झापा विद्रोह (२०२८) को जगमा बनेको कोअर्डिनेशन केन्द्र (कोके) हुँदै नेकपा ( माले) को स्थापना भएको थियो २०३५ साल पुस ११ मा । पछि नेकपा (मार्क्सवादी)सँग एकीकरण भएपछि नेकपा (एमाले) बनेको थियो । मार्क्सवाद, लेनिनवाद र मायोत्सेतुङ विचारधारालाई मार्गदर्शन सिद्धान्त मान्दै २०२८ सालमा बनेको नेकपा (केन्द्रीय न्यूक्लियस) को धार मोटो र मशाल एकता केन्द्र माओवादी एमाओवादी हुँदै नेकपा ( माओवादी केन्द) बनेको थियो । डेढ वर्षअघि यिनै दुई फरक धारलाई प्रतिनिधित्व गर्ने कम्युनिष्ट पार्टीहरु एकीकरण हुने घोषणा गरे । चुनावी तालमेल र सहकार्य हुँदै पार्टी एकीकरणको चरणमा पुगेका यी दुई दलहरु नेपाली कम्युनिष्ट आन्दोलनका मुख्य भँगालाहरु हुन् ।**

**नेकपा (एमाले) शान्तिपूर्ण बहुदलीय प्रतिष्पर्धामा विश्वास गर्ने जनताको बहुदलीय जनवादलाई अङ्गिकार गर्ने पार्टी थियो भने २०५२ सालदेखि १० वर्षसम्म जनयुद्ध र सशस्त्र संघर्षको अनुभव बोकेर आएको पार्टी थियो नेकपा ( माओवादी केन्द्र) । दुई दलहरु एक हुनु नेपालको राजनीतिक इतिहासमा अभूतपूर्व परिघटना थियो । हुन् त यसको शुरुवात २०६२/०६३ को जनआन्दोलनपछि तत्कालीन नेकपा (माओवादी) शान्तिपूर्ण राजनीतिमा सरिक हुँदै २०६४ सालमा सम्पन्न पहिलो संविधानसभाको चुनावमा भाग लिएर नेपालको सबभन्दा ठूलो दलको रुपमा स्थापित भएको थियो । यतिबेला दुई दलबीचको एकताले उत्पन्न ऊर्जाका कारण झण्डै दुई तिहाई बहुमतको सरकार बनेको छ। एकातिर जनअपेक्षा अनुरुप सरकारले काम नगरिरहेको आरोप लागि रहेको छ र मन्त्रीमण्डल हेरफेर तथा पुनर्गठन गरे सरकारको कार्यसम्पादनमा प्रभावकारिता ल्याउने प्रयास भइरहेको छ ।**

**पार्टी एकताको प्रक्रिया जारी छ। केन्द्रमा पोलिटब्यूरो गठन र जनवर्गीय संगठनको एकता पूरा गरेपछि एकताको पहिलो चरण सम्पन्न हुनेछ । नेपाल २००७ सालपछि अस्थिरताको पट्यारिलो क्रममा गुज्रिरहेको छ । २०१५ सालको निर्वाचनबाट बनेको नेपाली कांग्रेसका नेता बीपी कोइराला नेतृत्वको दुई तिहाइको सरकारलाई राजा महेन्द्रद्वारा अपदस्थ गरी पञ्चायती व्यवस्थाको बीजारोपण गरेपछि मुलुक झन् संकटमा फँस्यो । २०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापनापछि कुनै पनि सरकारले पाँच वर्षको अवधि सरकार चलाउन सकेनन् । नेपाली कांग्रेसले एकल बहुमतसहित दुई पटक सरकारको नेतृत्व पाएको थियो, तर अस्थिरताको बीजारोपण आफ्नै पार्टीभित्रको कलह र प्रतिसोधी व्यवहारबाट भयो ।**

**पटक-पटक मिलिजुली सरकार बने पनि भ्यागुताको धार्नी पुऱ्याउन नसके झैं सरकार गिराउने र बनाउने खेल चलिरहे । केपी ओली नेतृत्वको सरकारको पूर्णावधि सञ्चालन र निरन्तरताका लागि पार्टी एकता सम्पन्न हुन आवश्यक देखिन्छ । पार्टीभित्रका बेमेल र चलखेलका खबर बाहिरिँदा नेकपा प्रतिको जनविश्वास निराशामा परिणत हुन खोज्छ । सरकार टिकाउनुले मात्र मुलुकका सबै समस्या हल हुँदैनन् । तर, सरकारको निरन्तरताबाटै स्थिरता जन्मने सत्यलाई नजरअन्दाज गर्न मिल्दैन । नेकपाको व्यवस्थापन स्थिरताको पहिलो शर्त हो भन्ने सञ्चाइलाई नेकपा आबद्ध सबैले बुझ्न जरुरी छ, नत्र अनिश्चय र अस्थिरताको भुँवरीमा मुलुक फँस्ने कुरालाई कसैले रोक्न सक्दैन । 'समृद्ध नेपाल सुखी नेपाली' को राष्ट्रिय अभिष्ट फगत हावादारी नारामा परिणत हुने खतरालाई रोकेर साँचो अर्थमा मुलुकमा परिवर्तन ल्याउने हो भने मुलुकमा स्थिरता कायम गर्नु पहिलो शर्त हो ।**

# के नेपालमा पूर्ण नि:शुल्क शिक्षा सम्भव हुन्छ ?



**तीर्थराज खरेल**

पटक-पटकका सरकारहरुले नेपालमा नि:शुल्क, पूर्ण नि:शुल्क, जनवादी, वैज्ञानिक, व्यावसायिक शिक्षाको वकालत गर्ने र जनमतलाई आफूतिर आकर्षित गर्ने नाराहरु दिँदै आएका छन् । चुनाव प्रचार-प्रसारका लागि बनाइएका चुनावी घोषणापत्रमा विद्यालय शिक्षा पूर्ण नि:शुल्क हुने प्रतिबद्धता व्यक्त गरिएका छन् । नेपालको संविधान २०७२ ले कक्षा ८ सम्म अर्थात् आधारभूत तहसम्म पूर्ण नि:शुल्क र अनिवार्य तथा माध्यमिक तह (कक्षा १२)सम्म नि:शुल्क शिक्षाको प्रावधान राखेको छ । नीतिगत रुपमा यो युगान्तकारी प्रावधान हो ।

विद्यालयमा भर्नाका लागि आएका नानीहरुलाई कुनै पनि बहानामा फिर्ता पठाउन नमिल्ने र कक्षा ८ सम्म अर्थात् आधारभूत तहसम्म भर्ना शुल्क, मासिक शुल्क वा जुनसुकै नाममा शुल्क असुल्न नपाउने र विद्यालयमा आएका बच्चालाई विद्यालयमा प्रवेश नगराउनेलाई एक लाखसम्म जरिवाना र कुनै पनि बहानामा शुल्क असुल्नेलाई ५० हजार रुपैयाँ जरिवाना गर्ने कुरा कानूनमा उल्लेख छ । नेपालका धेरै जसो सरकारी तथा सामुदायिक विद्यालयहरुले कुनै न कुनै रुपमा शुल्क लिएर विद्यालय सञ्चालन गरिरहेको अवस्था छ । सरकारी प्रावधान साँच्चै लागू हुने हो भने विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र विद्यालयका प्रधानाध्यापक, प्राचार्य र शिक्षक तथा कर्मचारीहरु निक्कै अप्ठेरोमा पर्ने निश्चित छ ।

२०६२/०६३ सालको जनान्दोलनबाट प्राप्त नेपालको अन्तरिम संविधान,२०६३ मा हरेक नेपालीलाई आधारभूत शिक्षा अनिवार्य रुपमा पाउनुपर्ने प्रावधानलाई शिरोधार्य गर्दै संशोधित शिक्षा ऐन तथा शिक्षा नियमावलीमा उल्लेखित नि:शुल्क शिक्षाको व्यवस्थालाई कार्यान्वयनको क्रममा शिक्षा मन्त्रालयले यो विधेयक तयार पारेको देखिन्छ । सर्वथा विपन्न, दलित, पिछडिएका र सिमान्तकृत क्षेत्र र वर्गका नेपालीका बालबच्चाले शिक्षा प्राप्त गर्न सहज बनाउने महान उद्देश्यबाट शिक्षा मन्त्रालयले यो प्रस्ताव अघि सारेको छर्लङ्ग छ । १० वर्षे जनयुद्ध, १९ दिने जनान्दोलन, मधेश आन्दोलन र जनजाति तथा अधिकारकर्मीहरुका विभिन्न आन्दोलन एवम् अभियानका धेरै उद्देश्य मध्ये माध्यमिक तहसम्म नि:शुल्क शिक्षा पाउनुपर्ने नेपाली जनताको माग पनि थियो । वास्तवमा भन्ने हो भने संसारमा शिक्षा नि:शुल्क कुनै मुलुकमा पनि छैन र यो नि:शुल्क हुन पनि सक्दैन । फरक के हो भने शुल्क कसले तिर्ने हो- सरकारले वा जनता आफैंले वा कुनै सामाजिक तथा मानवीय सेवा गर्ने संस्थाहरुले । कक्षा ८ सम्म पूर्ण नि:शुल्क गरिनु भनेको नेपाल सरकारले कक्षा ८ सम्मको सबै व्ययभार बहन गर्नु हो । तर, के सरकार अक्षरमा मात्र नभएर व्यवहार मै आधारभूत तहसम्मको सबै व्ययभार बोक्न तत्पर छ ? शिक्षकहरुलाई दिने



तलबभत्ता, खेलकुद सामग्री, शैक्षिक सामग्रीदेखि विद्यालय सञ्चालनका विविध खर्च सरकारले व्यहोर्ने हो भने शिक्षा साँचो अर्थमा नि:शुल्क हुनसक्छ । नत्र यो लोकप्रियताका ल्याएको अपरिपक्व, तर अत्यन्तै प्रशंसनीय प्रस्तावको रुपमा मात्र मान्न सकिन्छ ।

विद्यालयको आफ्नो कुनै कोष नहुने, कुनै पनि प्रकारको शुल्क लिन नमिल्ने, विद्यार्थी अनुपातमा पर्याप्त मात्रामा शिक्षक पनि उपलब्ध नराउने सरकारी नीति कार्यान्वयनको तहमा पेचिलो स्थितिबाट गुज्रन बाध्य हुन्छ । विद्यार्थी-शिक्षक अनुपात सबै ७७ वटै जिल्लामा समान छैन र एउटै जिल्लाको सबै विद्यालयमा पनि एउटै छैन, कुनै ठाउँमा शिक्षकको अभाव छ भने कुनै ठाउँमा शिक्षक पर्याप्त छन् । नेपालको शिक्षा प्रणाली एवम् व्यवस्थापन हठात परिवर्तन गर्न गृहकार्य गरिन्छ कि अघि सारिएका नीति तथा कार्यक्रमहरुको प्रभाव के हुने हो पछि मात्र थाहा हुन्छ । एउटा कार्यक्रमको प्रभाव राम्ररी देख्न र त्यस सम्बन्धी विचार-विश्लेषण हुन नपाउँदै अर्को नीति तथा कार्यक्रम आइहाल्छ ।

देशको साँचो आवश्यकता र धरातलीय यथार्थभन्दा बिदेशी दातृ निकायको निर्देशनमा कार्यक्रमहरु बनाइनु र नेपाल एउटा प्रयोगशाला जस्तो मात्र हुने यथार्थ घाम झैं छर्लंग छ । सरकार परिवर्तन भइरहनु र एउटा सरकारले लिएका गम्भीर प्रकृतिका नीति निर्णयहरु उल्ट्याउनु सामान्य भएको छ । आज जोडतोडसँग उठेको र उठाइएको कुरा भनेको सामुदायिक विद्यालयमा गुणस्तरीय शिक्षा भएन भन्ने हो र सरकारी लगानीको तुलनामा सामुदायिक विद्यालयहरुले प्रतिफल दिन सकेनन् भन्ने हो । एउटा कक्षाको एउटा सेक्सनमा एक सय १० भन्दा बढी विद्यार्थी राखेर सामुदायिक विद्यालयका शिक्षकहरुले कसरी अध्यापन गराइरहेका छन् ? यो प्रश्नको उत्तर पूर्ण नि:शुल्कको प्रस्ताव गर्ने नीति-निर्माताहरुले सोचेका छैनन् । सार्वजनिक शिक्षा र स्वास्थ्यको सुधार नगरिञ्जेलसम्म मुलुकको प्रगति सम्भव छैन ।


सार्वजनिक शिक्षाका लागि दुई तिहाइ समर्थनको जगमा उभिएको आजको नेपाल सरकारले चाहेमा धेरै काम गर्न सम्भव छ । विद्यालयको भित्री तहसम्मका समस्यालाई गौंचिरा हेर्न आवश्यक छ । दरबन्दी अभावका कारण निजी स्रोतबाट पनि शिक्षकको व्यवस्था गरिएको छ । पूर्ण नि:शुल्कको नीतिले विद्यालयहरुले गरेको यो व्यवस्था भत्किने देखिन्छ । एउटै विद्यालयमा शिक्षकले पाउने सेवासुविधा पनि फरक छ । सबै बालबालिकालाई स्तरीय शिक्षा प्रदान गर्ने सरकारी लक्ष्य पूरा गर्ने हो भने हरेक विद्यालयमा आवश्यक शिक्षक दरबन्दी उपलब्ध गराउनुपर्ने पहिलो शर्त हो ।

एकातिर असन्तुष्ट र सेवा असुरक्षित रहेको महशुस गर्ने शिक्षकको बाहुल्य छ भने कुनै पनि बहानामा शुल्क लिन नपाउने प्रावधानले निजी स्रोत वा विद्यालयको आफ्नै स्रोतबाट नियुक्त शिक्षकहरुलाई विद्यालयले अवकाश दिनुपर्ने बाध्यकारी अवस्था आउँछ । वैकल्पिक व्यवस्था नगरी गरिएको यो निर्णयले फेरि मध्यम वर्गीय र निम्न मध्यम वर्गीय अभिभावकका छोराछोरीमा पर्छ । मध्यम वर्गीय र उच्च वर्गका छोराछोरीलाई यसले छुदैन, उनीहरुलाई त राम्रा निजी विद्यालय छदैंछन् । न्यूनतम् शिक्षक दरबन्दी दिएर बढी भएका विद्यार्थीलाई प्रति विद्यार्थी लागत अनुदान दिने व्यवस्था त छ, तर त्यो अनुदान पूर्ण समय वा फुलटाइम शिक्षकको लागि पुग्ने गरी नहुने हुनाले शिक्षक नियुक्तिमा समस्या हुने र सेवा प्रवेशपछि उसले सेवाको सुरक्षा खोज्ने हुनाले विद्यालय र विशेष गरी प्रधानाध्यापकहरु बढी अप्ठेरोमा छन् । कतिपय विद्यालयमा गाविस वा नगरपालिका अथवा नैरसरकारी संस्थाहरुको अनुदानबाट शिक्षक नियुक्त गरिएका छन् । बाटोघाटो, कुलोपैनी, खानेपानी लगायतका विकास निर्माणमा खर्च गर्ने गरी आएको बजेटलाई कटौती गरी शिक्षकको तलबभत्ता दिने काम टिकाउ हुन सक्दैन ।

विद्यालयमा हुने अन्य खर्च पनि धेरै हुन्छन् । पूर्ण नि:शुल्क शिक्षा भन्न जति सजिलो, आकर्षक र जनप्रिय लाग्दछ, व्यवहारमा लागू गर्ने कुरा त्यति नै चुनौतिपूर्ण हुन्छ । आधारभूत शिक्षा पूर्ण नि:शुल्क र अनिवार्य गर्ने हो भने शिक्षक दरबन्दी, मसलन्द खर्च र अन्य सञ्चालन खर्चलाई वृद्धि गर्न जरुरी छ । अभिभावकलाई पनि नि:शुल्क शिक्षा सम्भव छैन, मात्र त्यो शुल्क र खर्च राज्यले व्यहोरेको हो र ती सबै खर्च जनताले तिरेको करबाट नै बेहारिन्छन् भन्ने बुझाउन खाँचो छ । शिक्षा आफै नि:शुल्क हुँदैन । शुल्क तिर्ने निकाय वा व्यक्ति फरक हुने मात्र हो भन्ने सच्चाइलाई सबैले ग्रहण गर्न आवश्यक छ ।

*tirthakharel2028@gmail.com*

# मोटरसाइकल चलाउने र कुर्सीमा बस्नेहरुमा ढाडको समस्या



**डा. गौरवराज ढकाल**

दैनिक जीवनशैलीका कारण पछिल्लो समय ढाड र गर्धनको समस्या बढिरहेको देखिन्छ। पछिल्लो १० वर्ष यताको विभिन्न तथ्यांक हेर्दा ढाड र गर्धन दुख्ने समस्या महामारी रुपमा बढ्दै गएको पाइन्छ। राष्ट्रिय ट्रमा सेन्टरको स्पाइनको ओपीडीमा आउने बिरामीहरुमा ९५ प्रतिशत गर्धन र ढाड दुख्ने समस्या लिएर आउने गरेका छन् ।

यस्तो समस्या देखिनुका मुख्य कारण जीवनशैलीमा आएको परिवर्तन एक हो । हाम्रो बस्ने तरिका, काम गर्ने शैली, खानपानमा आएको परिवर्तनका कारण यो समस्या बढिरहेको देखिन्छ। अर्को व्यायाम नगर्ने। धेरै मोटरसाइकल चढ्ने, कुर्सीमा धेरै समयमा बसेर काम गर्ने र लामो समय एउटै स्थानमा बस्ने मानिसमा यो समस्या बढी देखिने हुन्छ।

हामीले दैनिक कामहरु कसरी गरिरहेका छौं, त्यसमा पनि भर पर्छ। ढाड र गर्धनको समस्या आएपछि घरमै विभिन्न प्रकारको व्यायाम गर्ने तर निको नभएर अझ समस्या बढ्दै गएपछि मात्र उपचारका लागि आउने गरेको देखिन्छ। यदि तपाईंलाई कुनै चोटपटक लागेको छैनन्, तर ढाड र गर्धन दुख्ने समस्या एकास्सी देखियो भने त्यस्तो समस्या कहिलेकाहीँ राति सुत्दा नमिलेको र उठ्दा ढाड दुख्ने हुन्छ। तर, त्यस्तो समस्या एक दुईदिन घरमै आराम गरेर व्यायाम गरेमा निको हुन्छ। यदि निको भएन अझ बढ्दै गएमा तुरुन्तै स्पाइन अर्थात् मेरुदण्ड रोग विशेषज्ञलाई देखाउनु पर्छ।

ढाड र गर्धनको दुखाइले कहिलेकाहीँ हात र खुट्टासम्म समस्या आउने गर्छ। जसले हातखुट्टा झमझमाउने, कमजोरीपना देखिने, हिँड्न गाह्रो हुने र खुट्टाहरु भारी हुने लगायतका समस्या आएमा तुरुन्तै उपचारका लागि मेरुदण्ड अर्थात् स्पाइन सर्जनलाई देखाउनुपर्छ। अर्को ढाड र गर्धनको नसा च्यापिएर त्यो दुखाइ हात र खुट्टामा पुग्ने गरेको समेत देखिन्छ। कतिपय अवस्थामा ढाड र गर्धन दुख्ने हुन्छ भने कहिले नदुख्ने समेत हुन्छ। तर, त्यो दुखाइ हात र खुट्टामा फैलन सक्छ।

यदि हात र खुट्टा दुख्ने समस्या आएमा त्यो अवस्था गम्भीर अवस्था सृजना भएको देखिन्छ। तुरुन्तै मेरुदण्ड रोग विशेषज्ञकोमा उपचारका लागि जानु पर्छ। विभिन्न अध्ययन हेर्दा विश्वमा ठूलो संख्यामा ढाड र गर्धन दुख्ने समस्या देखिएको पाइएको छ। गर्धन र ढाडको दुखाइ सामान्य व्यायाम र औषधिले निको हुन्छ। यसका लागि सर्जरी चाहिँदैन। ९० प्रतिशतमा ढाड र गर्धनको शल्यक्रिया गर्नुपर्दैन। करिब ५ देखि ७ प्रतिशतलाई मात्र गर्नुपर्ने हुन्छ। नसा च्यापिने समस्या उमेर बढेसँगै मेरुदण्डहरुमा परिवर्तन आउने हुन्छ। जुन परिवर्तने हड्डीहरु बढ्दा नसा च्यापिने हुन्छ। मोटरसाइकल लामो समयसम्म चढ्दा ढाड दुख्ने र नसा च्यापिने समस्या हुन्छ। त्यसैले लामो समयसम्म मोटरसाइकल चलाउनु हुँदैन।



ढाड र गर्धनको दुखाइको समस्या ग्रामीण क्षेत्रभन्दा शहरी क्षेत्रबाट उपचारका आउने बिरामीको संख्या बढी छ। यस्तो समस्या लिएर उपचारका लागि बढी आउने ७५ प्रतिशत अफिसमा काम गर्ने त्यसमा पनि बढी महिलाहरु यस्तो समस्या लिएर आउने गरेका छन्। बैंकमा काम गर्ने, लामो समय कम्प्युटरमा काम गर्ने, मोबाइल बढी चलाउने र बालबालिकाहरुमा स्कूल ब्यागका कारण ढाड र गर्धन दुख्ने समस्या देखिने गरेको पाइन्छ। हरेक दिन व्यायाम गर्ने, खेल्ने, हिँड्ने, लिफ्टको प्रयोग सकेसम्म नगर्ने, अफिसमा बस्दा कुर्सीमा बस्दा धेरै ननिउरिने र धेरै पछाडि पनि बस्नु भएन। जहिले पनि कुर्सीको पछाडिको भागले हाम्रो ढाडलाई आराम दिएको हुनुपर्छ।

अर्को कम्प्युटरको स्कृन आफ्नो आँखाको लेबलमा हुनुपर्छ। दुईवटा हात आरामसँग पूर्ण किबोर्डमा राख्नुपर्छ। एउटा कुर्सीमा लगातार बसिरहनु हुँदैन। एक घण्टामा दुई तीन मिनेट उठ्ने हिँड्ने गर्नुपर्छ। लामो समयसम्म उभिनु हुँदैन। धेरै भारी सामान वा निहुँरेर एकैपटक सामानहरु उठाउने गरिएन भने गर्धन र ढाड दुख्ने समस्याबाट बच्न सकिन्छ। कम्तिमा पनि दिनमा एक घण्टा आफ्नो ढाडको लागि दिनुपर्छ।

*(डा. ढकाल राष्ट्रिय ट्रमा सेन्टर, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानका स्पाइन सर्जन हुन् ।)*

# दुर्घटना न्यूनीकरण गर्न जेब्राक्रसिङ

**बिर्तामोड, मंसीर ८।** सामाजिक सञ्जाल फेसबुकको माध्यमद्वारा संगठित कराते खेलाडीहरुको संस्था बिर्तामोड कराते(पेज) को अगुवाई तथा जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाको सहकार्यमा बिर्तामोडको मुक्तिचौक आसपास जेब्राक्रसिङ बनाइएको छ ।

पूर्वको व्यापारिक केन्द्रको रुपमा परिचित बिर्तामोडमा बढ्दो सवारीसाधनको चापले दिनानुदिन दुर्घटना बढ्दै गएको र त्यसको न्यूनीकरण गर्न जेब्राक्रसिङ बनाइएको बिर्तामोड कराते (पेज) का अध्यक्ष विपीन प्रसाईंले बताए ।

बिर्तामोड कराते(पेज)का अध्यक्ष विपीन प्रसाईंको अध्यक्षता तथा बिर्तामोड- ५ का वडाध्यक्ष राजेन्द्र लिङ्देनको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो ।



बिर्तामोड नगरपालिकाकी कार्यपालिका सदस्य भावना घिमिरे, जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख होम अधिकारी, बिर्तामोड सरसफाई अभियानका संयोजक विष्णु आचार्य, संस्थाकी सल्लाहकार मिना पाठक लगायत बिर्तामोड कराते(पेज)मा आवद्ध कराते खेलाडीहरुको सहभागितामा मुक्तिचौक आसपास जेब्राक्रसिङ बनाइएको बिर्तामोड कराते(पेज)का सचिव सुदिप खवासले जानकारी दिए ।

# उत्कृष्ट तामाङ विद्यार्थीलाई सम्मान

**बिर्तामोड, मंसीर ८।** नेपाल तामाङ विद्यार्थी घेदुङ जिल्ला कार्यसमिति झापाले एसईई परीक्षामा उत्कृष्ट अंक ल्याउने तामाङ विद्यार्थीलाई सम्मान गरेको छ ।

संस्थाले तेस्रो जिल्ला अधिवेशनको अवसर पारेर जिल्लामा नै उत्कृष्ट अंकका साथ उत्तीर्ण हुने चार जना तामाङ विद्यार्थीलाई सम्मान गरेको हो । यसरी सम्मानित हुने विद्यार्थीहरुमा हिमालय मावि दमकका प्रवेश तामाङ गोले र सुदिक्षा तामाङ थिङ, इस्ट होराइजन मावि मेचीनगरका कौशल तामाङ पाखीन र सिद्धार्थ शिशु सदन भद्रपुरका सालु तामाङ ग्लान रहेका छन् ।

त्यस्तै कृशला तामाङ, कल्याण ग्राङदान, सन्जोक तामाङ, राजु तामाङ वमजन, रिसभ घिसिङ, पुजा तामाङ थोकर, प्रतिमा तामाङ घिसिङ, रिना तामाङ गोले, दिप्सना तामाङ ब्लोन, दीपा तामाङ मोक्तान, निशान तामाङ डेसुर, विनम तामाङ मोक्तान र पेमा तामाङलाई समेत सम्मान गरिएको थियो ।

विद्यार्थी घेदुङ झापाकी अध्यक्ष निमा गोले तामाङको अध्यक्षता तथा नेपाल तामाङ घेदुङ प्रदेश नं. १ का अध्यक्ष मित्रशेन योञ्जनको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा विद्यार्थी घेदुङका केन्द्रीय सदस्य हैकम



घिसिङ, रोशन लामा लगायतले उनीहरुलाई सम्मान पत्र प्रदान गरेका थिए ।

सोही कार्यक्रममा उत्कृष्ट तामाङ विद्यार्थी सम्मान कार्यक्रमका लागि अक्षयकोष निर्माण गर्न स्व. मकर बहादुर गोलेको स्मृतिमा उनकी श्रीमती गंगादेवी गुरुङ तामाङले नगद एक लाख रुपैयाँ हस्तान्तरण गरेकी थिइन् ।

यसैबीच संस्थाको तेस्रो अधिवेशनले प्रकृती घिसिङको अध्यक्षतामा १७ सदस्यीय नयाँ कार्यसमिति समेत चयन गरेको छ ।

नवगठित समितिको उपाध्यक्षद्वय कञ्चन रुम्बा, मिलन पाखीन, सचिव महेन्द्र मोक्तान, सह-सचिवद्वय क्षितिज तामाङ, सुष्मा तामाङ कोषाध्यक्षमा लासाङ लो चयन भएका छन् ।

त्यस्तै सदस्यहरुमा निरोज राज ग्लान तामाङ, निशान डेसुर सालु ग्लान तामाङ, वाङ्दी स्याङ्दान, कल्पना मोक्तान महेश योञ्जन, कृसला तामाङ, पेमा तामाङ रहेका छन् ।

# सामुदायिक बचतको सभा

**भद्रपुर, मंसीर ८।** झापा सामुदायिक बचत तथा ऋण सहकारी संस्था भद्रपुरको १३औं वार्षिक साधारणसभा सम्पन्न भएको छ ।

कार्यक्रममा उत्कृष्ट बचतकर्तातर्फ सुभद्रा न्यौपाने र जीतबहादुर लिम्बू, उत्कृष्ट ऋणितर्फ सावित्री पौडेल (साह) र अडिट राजवंशी, अनिवार्य बचतकर्तातर्फ टंकबहादुर कटुवाल र उत्कृष्ट आवधिक बचतकर्तातर्फ हरि किशोर आचार्य, ज्येष्ठ सदस्यहरु सीतामाया राई र इन्द्रविलास निरौला, सदस्य सन्तति शिक्षा पुरस्कारबाट अनुप तिम्सिना र रजिना घिमिरे तथा उत्कृष्ट सञ्चालक टीकाराम उप्रेतीलाई

संस्थाको शेयर सदस्य एक हजार छ सय ९५ जना, शेयर पुँजी ९१ लाख ११ हजार नौ सय रहेको, कारोबार छ करोड २५ लाख ३१ हजार चार सय ६३ रुपैयाँ, आम्दानी ७३ लाख ९५ हजार दुई सय ५६ रुपैयाँ र नाफा २२ लाख १७ हजार छ सय ५१ रुपैयाँ रहेको प्रतिवेदनमा उल्लेख छ ।

कार्यक्रममा जिल्ला समन्वय समिति झापाकी उपप्रमुख मीना पराजुली, भद्रपुर नगरपालिकाकी उपप्रमुख चन्द्रमाया श्रेष्ठ, जिल्ला सहकारी संघ झापाका सचिव युवराज ढकाल, जिल्ला बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष घनश्याम अधिकारी, राष्ट्रसेवक सहकारी संस्थाका



नगदसहित सम्मान गरिएको थियो ।

संस्थाका अध्यक्ष विवेक पोखरेलको अध्यक्षता तथा भद्रपुर नगरपालिकाका प्रमुख जीवनकुमार श्रेष्ठको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो । कार्यक्रममा अध्यक्ष पोखरेलले संस्थाको वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

अध्यक्ष बशिष्ठ अधिकारी, राष्ट्र सहकारी बैंक बिर्तामोडकी प्रबन्धक मुना घिमिरे (उप्रेती), प्रकाश कृषि सहकारी संस्थाका अध्यक्ष गोपालप्रसाद श्रेष्ठ लगायतले मन्तव्य राखेका थिए । संस्थाका उपाध्यक्ष हरिप्रसाद गौतमले स्वागत गरेको कार्यक्रमको सञ्चालन सचिव सुरेश श्रेष्ठले गरेका थिए ।

# 'सखारै सखारै'को विमोचन



**मेचीनगर, मंसीर ८।** वरिष्ठ साहित्यकार चुडामणि रेग्मीको २८औं कृति निबन्ध संग्रह सखारै सखारैको विमोचन गरिएको छ ।

कार्यक्रममा साहित्यकार कोमलप्रसाद पोखरेल, मेचीनगर नगरपालिकाका प्रमुख विमल आचार्य लगायतले उक्त कृतिको विमोचन गरेका थिए ।

प्रतिष्ठानका अध्यक्ष कृष्णप्रसाद उप्रेतीको अध्यक्षतामा भएको कार्यक्रममा डाक्टर ठाकुरप्रसाद पोखरेलले साहित्यकार रेग्मीको व्यक्तित्व र कृतित्वका बारेमा प्रष्ट पारेका थिए । २०१२ सालदेखि साहित्य साधना र राजनीतिमा लागेका व्यक्तित्वका रुपमा स्थापित रेग्मी एक व्यक्ति नभएर एउटा संस्थाको रुपमा स्थापित साहित्य साधक रहेको डाक्टर पोखरेलले जानकारी गराए ।

कृतिका बारेमा समिक्षा गर्दै सम्पादक हरिनारायण भट्टराईले यो पुस्तकमा ७५ वटाभन्दा बढी रचना रहेको तथा विश्व शाक्यका हाँस्यव्यङ्गदेखि इलामे जेठाका कवितासम्मका धेरै पढ्न पाइने बताए ।

यसभन्दा अघि रेग्मीका कविता र काव्यहरु, कथा संग्रह, निवन्ध, समालोचना, कृतित्व र व्यक्तित्व, भाषा व्याकरण लगायतका कृति प्रकाशित भइसकेको कार्यक्रममा जानकारी गराए । यो पुस्तक पढेर आफ्नो मन, मस्तिष्क, स्वच्छ पार्नुका साथै अनुभव, अनुभूति साहित्य, राजनीति, पत्रकारिता, ज्ञान हासिल हुने समिक्षकहरुले विश्वास व्यक्त गरेका थिए ।

कार्यक्रममा कवि प्रहरी नायव उपरिक्षक गोविन्दकुमार कार्की, महाकाव्यकार हरिप्रसाद न्यौपाने लगायतले गीत तथा आ आफ्ना रचना पाठ गरेका थिए । कार्यक्रममा प्रतिष्ठानका उपाध्यक्ष डिल्लीराम घिमिरेले स्वागत गरेका थिए । कार्यक्रमको सञ्चालन साहित्यकार खगिन्द्रा खुशीले गरेकी थिइन् ।


वाथ एक अटो इम्युन रोग हो ।
समयमा उपचार गर्नाले वाथ रोग नियन्त्रण गर्न सकिन्छ ।

वाथका लक्षणहरू:    जानकारीको लागि सर्म्पक नं:- ९८११३३५६२४

१) साना तथा ठूला जोर्नीहरु दुख्ने, सुनिने, कक्रक पर्ने ।
२) आरामको समयमा ढाड र जोर्नी बढी दुख्ने ।
३) विहानको समयमा शरीर अरक्क हुने ।
४) मांसपेशीहरु दुख्ने, गल्ने ।
५) थकाई बढी लाग्ने ।
६) बारम्बार गर्भधारणमा समस्या आउने ।
७) घाममा अनुहार बढी रातो हुने वा पोल्ने ।
८) कपाल बढि झर्ने ।
९) मुख भित्र बारम्बार घाउ आउने ।
१०) चिसोमा औंलाहरु निलो, सेतो हुने ।
११) बारम्बार घाउहरु आइरहने ।
१२) खुट्टाको बुढी औंला वरिपरि रातो भएर दुख्ने ।
१३) कुर्कुच्चा पोल्ने, दुख्ने ।
१४) मांसपेशी कमजोर हुने ।
१५) खकारमा रगत देखा पर्ने ।
१६) लामो समयसम्म ज्वरो आउने ।
१७) आँखा बारम्बार रातो हुने ।

वरिष्ठ वाथ रोग विशेषज्ञ डा.अभिलाशा शाह
MBBS,MD (Internal medicine)
Fellowship in Reheumetology & Clinical Immunology (New Delhi India)
यस पटक यही मंसिर ६ र ७ गते शुक्रबार र शनिबार नर्भिक हस्पिटल काठमाण्डौबाट आउदै हुनुहुन्छ अग्रीम नाम दर्ता गर्नुहोस्
कन्काई हस्पिटल प्रा.लि.
KANKAI HOSPITAL PVT.LTD
बिर्तामोड, झापा फोन नं. :०२३-५४३८०७
"विशेषज्ञ सेवा हाम्रो प्रतिवद्धता सबैको पहुँचमा हाम्रो स्वास्थ्य सेवा"



## वर्गीकृत विज्ञापन


**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्क: ९८१४९९३७१२, ९८६२६४८२८२ ९८४२६७७८५५, ९८२४९८११७४

**गिटी बालुवा चाहिएमा**
झापामै पहिलोपटक अत्याधुनिक मेशिन र प्रविधिबाट प्रशोधन गरिएको निर्माण सामग्रीहरु बालुवा, गिटी, सिल्कन, वेश आदि चाहिएमा तु-सम्पर्क गर्नुहोला ।
सयपत्री
९८४२६५४४००, ९८०४९५४४००

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**
अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगन्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्क: ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

**आवश्यकता**
शिक्षक : २ जना
(सोसियल+होस्टल शिक्षक खानाबस्न छ)
कुक : १ जना वेटर : ५ जना
लेखापाल : १ जना (अनुभवी)
महिला इन्चार्ज : १ जना (३० वर्ष पुगेको)
पिनाकल जब्स केयर सर्भिस
बिर्तामोड, (९८१४९०४७६४, ०२३-५४४६६०)

**पसल तु-बक्रीमा**
बिर्तामोडस्थित पूर्व-पश्चिम राजमार्गदेखि २०० किलोमिटर उत्तर हिमालय धर्मकाँटा-मातामन्दिर रोडमा रहेको अति चालू अवस्थाको होलसेल तथा खुद्रा । पसल तु-बिक्रीमा छ । इच्छुकले चाडै सम्पर्क राख्नु होला ।
सम्पर्क: ९८५२६४५४२०/९८०१४४५४२०

**शिक्षक आवश्यकता**
Teacher : 1 (संस्कृति विषयको)
French Teacher : 1 (Language)
Pre-primary : 1 (मन्टेश्वरी ट्रेनिङ प्राप्त)
Abacus Teacher : 1
माथिको सबै बिर्तामोडको लागि चाहिएको ।
Math & science Teacher : 1
(for 7 class)काँकरभिट्टाको लागि ।
English Teacher : 1
(for 7 class) काँकरभिट्टाको लागि ।
नेपाल जब्स केयर सर्भिस प्रा.लि.
अतिथि सदनको पश्चिमपट्टी जेसीज भवन पछाडि, फोन : ०२३-५४६६८३
मो.: ९८२५९८७९००

**सेक्युरिटी गार्डको आवश्यकता**
पुरुष/महिला संख्या: २५
सेक्युरिटी/फायर/फस्टएड सम्बन्धी फ्रि तालिम
इन्टर सर्भ सेक्युरिटी ग्रुप प्रा.लि.
प्रधान कार्यालय अन्नपूर्ण चोक बिर्तामोड, झापा
फोन: ०२३-५४५७८२, ९८०६०६१७००, ९८४४६८६९७०, ९८०६०७५६७८

**जग्गा बिक्रीमा**
बि.एण्ड.सी. हस्पिटलबाट ५ मिटर दुरीमा (हर्कलाल मार्ग छेउ) ४ पाटा मिलेको ८ धुर जग्गा सस्तो मूल्यमा बिक्रीमा छ ।
मो. ०२३-५४५७५३, ९८१७९५४२३८

**आवश्यकता**
सेक्युरिटी गार्ड:- ४० जना (महिला/पुरुष)
यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।
सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि. बिर्तामोड भद्रपुररोड
फोन: ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

**सटर भाडामा**
बिर्तामोड-शनिश्चरे रोडबाट अतिथि सदन रोडमा रहेको सटर (पसल तथा होटलका लागि उपयुक्त भाडामा छ । इच्छुकले तु-सम्पर्क गर्नुहोला ।
मो. ९८१४०५५८९४

**बारमासे कागती खेती ! गरौं है उन्नती !!**
बारै महिना र धेरै मात्रामा फलिरहने सबभन्दा उन्नत जातको कागती खेती गर्न राम्रो बिरुवा चाहिएमा आजै सम्पर्क गर्नुहोस् ।
सम्पर्क: ९८१७९३३५८२ ९८१३८४४९२९

**जग्गा बिक्रीमा**
झापाको बिर्तामोड- ३ स्थित भद्रपुर रोडबाट पश्चिम व्यापारिक केन्द्र बिन्दुमै रहेको १४ धुर जग्गा बिक्रीमा छ । इच्छुकले सम्पर्क गर्नुहोला ।
सम्पर्क : ९८१६९८४१५३, ९८०४९१३९८७

**पत्रिका समयमा पाउनु भएको छैन ?**
मो. ९८०७९१०२२२ पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस् ।



**झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।**
दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समय:
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५ ,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इञ्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई




**पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ**
(हल ए) हिन्दी सिनेमा
पहिलो शो ११:४५ PAGAL PANTI
दोस्रो शो २:४५ PAGAL PANTI
तेस्रो शो ६:४५ PAGAL PANTI



(हल बी) नेपाली सिनेमा
पहिलो शो ११:४५ Cha Cha hu-i
दोस्रो शो २:४५ Cha Cha hu-i
तेस्रो शो ६:४५ Cha Cha hu-i






बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वत: क्यान्सिल हुनेछ ।
फोन नं. ०२३-५४६४३६




**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)



**बिना अपरेशन सफल उपचार**
दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।
उपचार हुने समस्याहरु :
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।



बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** अरूका लागि बुद्धि र समय खर्चनुपर्ला । तापनि, लगनशीलताले उपलब्धिको स्रोत प्राप्त हुनेछ । दिन मनोरञ्जनपूर्ण र उत्साहवर्द्धक रहनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** लगनशीलताले नयाँ काम गर्ने अवसर समेत दिलाउनेछ । साथीभाइको सहयोगले हौसला प्रदान गर्नेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** रमाइला ठाउँको भ्रमण गर्ने अवसर जुट्नुका साथै मान-सम्मान प्राप्त हुनेछ । प्रेम र मित्रताको बन्धन कसिने सम्भावना छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** समयमा होस नपुग्नाले आफ्नाबाटै टाढिनुपर्ने स्थिति आउन सक्छ । अवसरका लागि केही दौडधुप गर्नुपर्ला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** व्यवसायमा लगानी बढाउनुपर्ने हुन सक्छ । भैपरी आउने खर्च बढे पनि यात्राको प्रक्रिया अघि बढाउन सकिनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** फाइदा नगण्य उठे पनि स्वाभिमानको रक्षा गर्न सफल भइनेछ । छिमेकमा असमझदारी बढ्ने समस्या देखिएकाले होसियारी साथ काम लिनुहोला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** प्रयत्न गर्दा व्यापार, साझेदारी र सट्टापट्टामा लाभ मिल्नेछ । सञ्चित धनको उपयोग गर्दा फाइदा हुनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** दैनिक आवश्यकता पूरा हुनेछन् भने मेहनतको फल प्राप्त हुनेछ । आम्दानी बढ्नाले उत्साह जाग्नेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** श्रमको उचित मूल्य पाइनेछ । व्यापारमा राम्रै फड्को मार्न सकिनेछ । छोटो समयमै राम्रो उपलब्धि हातलागी हुनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** अरूको प्रभावमा परिने हुँदा गोपनीयता भंग हुन सक्छ । आफ्ना कमजोरी भरसक सार्वजनिक नगर्नुहोला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** तारिफयोग्य कामले धेरैको मन जित्न सकिनेछ । गुमेको स्थान प्राप्त हुनाले आफ्नो वर्चस्व बढ्नेछ । विशेष भेटघाटले काममा उत्साह बढाउला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** मेहनतले नाम, दाम र इनाम दिलाउन सक्छ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । आँटले किर्तिमानी दिलाउनेछ ।

## साहित्यकार ढुंगेल र संग्रौला सम्मानित



**बिर्तामोड, मंसीर ८।** महिला चेतना सञ्जालले एक कार्यक्रमका बीच दुई जना साहित्यकारलाई सम्मान गरेको छ।

महिला चेतना सञ्जाल साहित्यिक समितिको आयोजनामा मेचीनगर धुलाबारी माविको सभाहलमा भएको कार्यक्रममा साहित्यकारद्वय भगवती ढुंगेल र मात्रिका संग्रौलालाई सम्मान गरिएको हो। महिला चेतना सञ्जालकी ज्येष्ठ सदस्य गोमा सुवेदीको अध्यक्षता तथा प्राज्ञ सभा सदस्य सुभद्रा अर्याल भट्टराईको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा कार्यक्रम संयोजक मुना रानाले स्वागत तथा औचित्यमाथि प्रकाश पारेकी थिइन्।

कार्यक्रममा संस्थाकी संस्थापक अध्यक्ष मिरा काफ्ले पोखेलले संस्थाको विगत वर्तमान स्थितिबारे र संस्थाकी अध्यक्ष नमूना निरौलाले भावी योजना प्रस्तुत गरेका थिए। कार्यक्रममा साहित्यकार भगवती ढुंगेल र साहित्यकार एवम् मुरलीवादक मात्रिका संग्रौलालाई सम्मान गरिएको थियो। उनीहरुलाई साहित्य, कलाको क्षेत्रमा पुर्‍याएको योगदानको कदर गर्दै सम्मान गरिएको थियो।

कार्यक्रममा भारतीय साहित्यकारहरु कृष्ण प्रधान, युवराज काफ्ले, तेजराज खतिवडा, विनोद खनाल, हरि रिमाल, नुरज भट्टराई, मायामितु न्यौपाने, खिलु खनाल, सरस्वती सिटौला, श्रीसा चौधरी, सुमित्रा शिवाकोटी, दिपा भण्डारी, संगीता थापा लगायतले शुभकामना मन्तव्यसहित रचना वाचन गरेका थिए। कार्यक्रमको सञ्चालन संस्थाकी सचिव अमृता चौलागाईंले गरेकी थिइन्।

## नमूना 'साव'मा आचार्य



अध्यक्ष : छविलाल आचार्य

**इलाम, मंसीर ८।** इलामको माई नगरपालिका वडा नम्बर २ र ४ मा रहेको नमूना सामुदायिक वन उपभोक्ता समूहको निर्बाचनबाट अध्यक्ष पदमा छविलाल आचार्य बिजयी भएका छन्।

पदाधिकारी तथा सदस्यहरुको चयनका लागि भएको निर्बाचनमा आचार्यले २१८ मत ल्याउँदै बिजयी भएका हुन्। उनका निकटतम् प्रतिद्वन्द्वी गोबिन्दप्रसाद दहालले १३९ मत ल्याएका थिए। अर्का अध्यक्षका उम्मेदवार तुलबहादुर तामाङले भने ३५ मत प्राप्त गरेका थिए। अध्यक्ष, सहसचिव र दुई खुल्ला सदस्यहरुको लागि चुनाब भएको थियो भने अन्य पदहरुमा भने सहमति भएको निर्वाचन समितिका संयोजक हरिप्रसाद पौड्यालले जानकारी दिए।

निर्बाचनबाट सहसचिवमा राम राईले २५६ मत ल्याउँदै निर्वाचित भएका छन् भने उनका प्रतिद्वन्द्वी राधाकृष्ण अधिकारीले ५१ मत प्राप्त गरेका छन्। ४५० मतदाता रहेको वन समूहको खुल्ला सदस्यमा बालकृष्ण पौड्याल २५९ मत र गोपीलाल आचार्य १६२ मत प्राप्त गरेर बिजयी भएका छन्। उनीहरुका प्रतिद्वन्द्वी हरिप्रसाद भट्टराईले १५५ मत प्राप्त गरेका थिए।

यसअघि सहमतिका आधारमा बरिष्ठ उपाध्यक्षमा दलबहादुर शंकर, उपाध्यक्षमा प्रेमप्रसाद दुलाल, सचिवमा जुनु राई, कोषाध्यक्षमा लक्ष्मण आले मगर तथा महिला सदस्यहरुमा चन्द्रकुमारी रेग्मी, राधिका दियाली, नेत्रकुमारी खनाल, तारा चम्लागाई, अम्बिका चौहान, समिक्षा लोक्ताम र शान्ता शिवाकोटी चयन भएका थिए।

# शत्‌बीज छर्ने पर्व : बालाचतुर्दशी

**विश्वनाथ खरेल**

प्रत्येक वर्ष मार्ग कृष्ण चतुर्दशीमा पर्ने बालाचतुर्दशी पनि नेपाली जनजीवनमा एउटा महत्वपूर्ण र आफ्नै मौलिकता बोकेको पर्व हो। बालाचतुर्दशीको सम्बन्ध पशुपतिनाथसँग रहेको कुरालाई हिमवत्खण्ड, नेपाल माहात्म्य तथा शिवपुराणले वर्णन गरेका छन्। हिमवत्खण्डको बयालीस अध्यायमा यस पर्वको उत्पत्ति परम्पराबारे के बताइएको छ भने मृगरूप लिएर भगवान् शिवले जहाँ-जहाँ घुम्नुभयो, खानुभयो, सुत्नुभयो, हिँड्नुभयो, बिहार गर्नुभयो त्यो पुण्यक्षेत्र भएकाले त्यहाँ सप्तधान्य (शतबीज) छर्दा एउटा धानको गेडा छरेको पनि एकरती सुवर्ण छरेको बराबर हुन्छ भनी हरिणेश्वर शिवजीले आकाश मार्गबाट बताएको भनी हाम्रो शास्त्रमा उल्लेख गरिएको पाइन्छ।

शतबीज त्यस वर्ष दिवंगत भएका आफन्तको चिर शान्ति, मंगल र पुण्यको कामना गरी बन क्षेत्रमा छर्ने चलन छ। यो लगातार तीन वर्षसम्म छर्ने र तीन वर्षमा चतुर्थी गरी होम गर्ने चलन नेपाली समाजमा अद्यावधिक रहँदै आएको छ। शत्‌बीज छर्ने पर्वको परम्परा कहिलेबाट बस्यो भन्ने जनश्रुति अनुसार कैलाशबाट भगवान् शिव श्लेष्मान्तक वनमा आई अत्यन्त आकर्षक मृगरूप धारण गरी बसेको वर्षौंवर्ष बितेको पत्तै भएन। माता पार्वती लगायत समस्त देवी-देवताहरूलाई ज्यादै पिर पार्‍यो। भोलेबाबा कहाँ हुनुहुन्छ भनी दिव्यदृष्टिले हेर्दा त भगवान् मृगरूप धारण गरी पशुपति क्षेत्रमा वन विहार गरिरहनुभएको देवी पार्वतीले थाहा पाउनुभयो।

शिवरूपी मृगलाई चिन्न र आकर्षण गर्न माता पार्वतीले थाहा पाउनुभयो, शिवरूपी मृगलाई चिन्न र आकर्षण गर्न माता पार्वतीले विभिन्न किसिमको बीज छर्नुभयो। केही हप्तापछि छरिएका बीऊहरू उम्रिएर हरियो घाँस भएपछि घाँस देखेर मृगहरू लेभिएर आउन थाले आएका मृगमध्ये मृगरूपी भोलेबाबालाई चिन्न माता पार्वतीलाई सजिलो भयो। यसरी देवी पार्वतीद्वारा शुरुवात भएको शतबीज छर्ने प्रथा कालान्तरमा जीवन संस्कृति बन्यो र युग युगसम्म कायम भइराखेको छ, रहिरहनेछ।

शत्‌बीज भन्नाले खासगरी सय चिजका गेडागुडीहरू भन्ने बुझिन्छ। यी शत्‌बीजमा प्रयोग गरिने अन्नहरूमा गहुँ, सरस्यूं, मकै, जौ, धान, बयर, अमला र अन्य फलफूल तथा कन्दमूलका टुक्राहरू पर्दछन्। शत्‌बीज छर्न नेपालका विभिन्न भागहरू लगायत मित्रराष्ट्र भारतबाट समेत पशुपतिनाथको मन्दिरमा घुइँचो लाग्ने गर्दछ। मानिसहरू आउँछन् त्रयोदशीका दिन महाद्वीप बाली पशुपति वरपर बस्छन् र भोलिपल्ट बिहान सप्तधान्य छर्दै हिँड्छन्। यस दिन टाढा जान असमर्थ कतिपयले नजिकको तीर्थ स्थल मन्दिर, देवालयमा गई शिव प्रार्थना गरी रातभर जाग्राम बस्ने प्रचलन पनि छ। शत्‌बीज छरिसकेपछि खिर, फलाहार, दही, च्युरा, पुलाउ इत्यादि मिष्ठान्न पदार्थ भोजन गरी खैजडी, मुजुरा, मादलका साथै शिवलीला, कृष्ण चरित्र सम्बन्धी भजन-कीर्तन गाइने परम्परा नेपाली समाजमा छ। हाम्रो समाजमा दुईथरी विश्वास बोकेका मानिसहरूको शत्‌बीज छर्ने प्रचलन छ।

एकथरी अघिल्ला वर्षहरूमा आफ्नो परिवारजनको स्वर्गारोहण हुनेले मात्र मृतात्माको स्मृतिमा शत्‌बीज छर्दै चिरशान्तिको कामना गर्ने र अर्काथरी पुण्य कमाउने आशाले गर्दछन्। सार्वजनिक रूपले शत्‌बीज छर्ने अघिल्लो दिन अर्थात् मार्ग कृष्ण त्रयोदशीको दिन भगवान् पशुपतिनाथलाई किमती गरगहना पहिराइन्छ। सक्कली एकमुखे रुद्राक्ष, नागमणि जस्ता वस्तुहरू ढुकुटीबाट झिकिन्छन्। त्यसरी झिकिएका वस्तुहरू मार्ग कृष्ण औंसीको दिन भण्डारमा पुनः राखिन्छन्। बालाचर्तुदशीको दिन मध्यरातमा अन्तिम शत्‌बीज छरिन्छ। जसलाई 'कएन्या' भनिन्छ। यो कार्य सम्पन्न भएपछि त्यस वर्षको शत्‌बीज छर्ने कार्य समाप्त हुन्छ। बालाचर्तुदशीको दिनदेखि पशुपतिनाथलाई तातो पानीले गराइन्छ। चैत्र कृष्ण चतुर्दशीसम्म प्रतिदिन त्यसरी नै स्नान गराइन्छ। शत्‌बीज छर्दा महत्व बुझ्नेहरू सबेरै वाग्मतीमा नुहाएर 'सुवर्णरत्तिकातुल्यं ब्रीहिमेकं परिक्षिपेत् मृगस्थलीं परिभ्रम्य पुनर्जन्म न विद्यते' भनी मन्त्र पढ्छन्।

शत्‌बीज छर्नेहरूको घुइँचोसँगै काठमाडौं उपत्यकामा जाडो भित्रिन्छ भन्ने पुरानै उखान हो। यस दिन बौद्धधर्मावलम्बीहरू स्वयम्भूमा शतबीज छर्न धाउने गर्छन्। पितृहरूको नाममा लामा, शेर्पा, तामाङ, गुरुङ आदि जनजातिहरूले अन्न, फलफूल छर्ने गरेको पाइन्छ। सो दिन देवताहरूको पनि जात्रा हुने भन्ने धार्मिक विश्वास उनहिरूको छ। देवताहरूको पनि देवता पशुपतिनाथको दर्शन गरिसकेपछि उपत्यकाभित्र रहेका महत्वपूर्ण मन्दिरहरूमा पनि दर्शनार्थीको भीड लाग्ने गर्दछ। मार्ग कृष्ण त्रयोदशीको साँझदेखि पशुपतिनाथको सेरोफेरो र कैलाश डाँडाको मृगस्थलीमा मानिसको रेलो लाग्न थाल्छ। पसलेहरू सकेसम्म राम्रो ठाउँ ओगटेर पाल हाली बजार बसाल्न थाल्छन्। अनि अरू यात्रुहरू जहाँ-जहाँ मिल्छन्-त्यही-त्यही आफ्ना डफ्फाका साथ आसन बसाउँछन् साँझ पर्दासम्ममा कैलाशको चौरमा खुट्टो राख्न पनि मुश्किलले पाइने स्थिति हुन्छ। साँझ परेपछि धार्मिक अनुष्ठान शुरु हुन्छ।

एकातिर परिवारका मूली वा जिम्मेवार व्यक्तिहरू पशुपतिको मूल बत्तीबाट पितृका नाउँको दियो वा महाद्विप, जीवनदीप आदि जगाएर रातभर त्यसको संरक्षण गरेर बस्छन् भर्ने अर्कातिर मादल र बाँसुरीको तालमा नाँच्ने पनि हुन्छन्। अनि केही धार्मिक प्रवृत्तिका रसिक पाकाहरू पनि बैंसको स्मृतिमा भजन, चुड्का, कीर्तन आदि गरेर कठोर रातको पीडालाई केही मत्थर बनाउने प्रयत्न गर्छन्। त्रयोदशीको त्यो रात टाढाबाट असंख्य मौरीको भुनभुनले भरिएको रातझैं सुनिन्छ। कैलाशतिर हेर्दा त्यसको थाप्लो धपक्क बलेर त्यसको प्रकाशले चुक जस्तो गाढा अन्धकार आकाशलाई छेड्ने ठूलो प्रयत्न गरिरहे झैं देखिन्छ। अनि चतुर्दशीको दिन चाहिँ बिहान सबेरै महादीप वा दीप लगेर वाग्मतीमा सेलाइन्छ र मानिसहरू नुहाइधुवाइ पशुपतिनाथको पूजा गरी शत्‌बीज छर्ने कार्य गर्दछन्।

हाम्रो समाजमा आ-आफ्नै संस्कृति छन्। त्यसैगरी हाम्रो समाजमा भने प्राचीनकालदेखि नै मानिआएको धर्म-संस्कृतिलाई नै महत्व दिइएको पाइन्छ। यी विभिन्न धार्मिक कार्यमध्ये शत्‌बीज छर्ने पनि एक महत्वपूर्ण कार्य हो। त्यसैले, गर्दा हिन्दूधर्मालम्बीहरू शत्‌बीज छर्ने कार्यमा सधै लालयित रहेको पाइन्छ।



यस कार्यको लागि त्रयोदशीका दिन राति पशुपति क्षेत्र खासगरी कैलाशको थाप्लामा दीप महादीप बालिदिएमा जीवात्मा कुनै कारणवश शून्यमा मार्ग नपाई अन्धकारमा भट्किरहेका भए पनि त्यस दीपका प्रकाशले मार्ग पाई पितृलोकमा जान सक्छ र श्लेषमान्तक क्षेत्रमा शत्‌बीज छर्दा एक गेडा अन्न बराबर एक तोला सुन दानको पुण्य मृतकलाई मिल्छ भन्ने गहिरो जनविश्वास छ। यो पर्व नेपाली संस्कृतिको एक महत्वपूर्ण अंग हो र हिन्दू धर्मावलम्बीहरूले यसलाई बढो हर्षोल्लासका साथ मनाइने गरेको पाइन्छ। धार्मिक आस्था तथा परम्पराको विश्वासको आधारमा नै शत्‌बीज छर्ने कार्य गर्ने गरिन्छ। यसबाट सबैको कल्याण हुन्छ।

## देउसीको रकमले वृद्धवृद्धालाई सहयोग



**बिर्तामोड, मंसीर ८।** तिहारमा खेलिएको देउसीभैलो कार्यक्रमबाट संकलित रकम वनभोज गएर वा पार्टी खाएर खर्च गर्ने चलन छ। तर, त्यही रकम बचाएर बिर्तामोडस्थित द न्यू फ्रेण्डस् एण्ड ग्रुप डान्स सेन्टरले वृद्धाश्रममा रहेका वृद्धवृद्धाहरुलाई सहयोग गरेको छ।

उक्त संस्थाले बिर्तामोड- ४ स्थित परोपकार तथा अनुसन्धान केन्द्रद्वारा सञ्चालित वृद्धाश्रममा रहेका वृद्धवृद्धाहरुलाई नगद, खाद्यान्न र लत्ताकपडा प्रदान गरेको द न्यू फ्रेण्डस् एण्ड ग्रुप डान्स सेन्टरका सञ्चालक सरोज धिमालले जानकारी दिए।

संस्थाले वृद्धाश्रममा रहेका वृद्धवृद्धाहरुलाई एकछाक खाना खुवाउनुका साथै नगद, खाद्यान्न र लत्ताकपडा प्रदान गरेको उनले बताए। कार्यक्रममा झापा जिल्ला नृत्य कलाकार संघका अध्यक्ष लोकचन्द्र (एलसी) श्रेष्ठले संस्थाले गरेको कार्यको प्रशंसा गरेका थिए।

## ज्येष्ठ नागरिकको विरोध

**भद्रपुर, मंसीर ८।** भारतले जारी गरेको नक्सामा कालापानी, लिपुलेक र लिम्पियाधुरा राखेर भारतले अतिक्रमण गरेको भन्दै उक्त भूमि तत्काल फिर्ता गराउन माग गर्दै ज्येष्ठ नागरिक संघ नगर समिति भद्रपुरले जिल्ला प्रशासन कार्यालय झापामा ज्ञापनपत्र बुझाएको छ।

संघका अध्यक्ष हेमप्रसाद खनाल, उपाध्यक्ष धनप्रसाद शिवाकोटी, सचिव शंकरकुमार गौतम लगायतका पदाधिकारीहरुले प्रमुख जिल्ला अधिकारी उदयबहादुर राना मार्फत प्रधानमन्त्रीको सचिवालयलाई सो ज्ञापन पत्र बुझाएका हुन्।

ज्ञापन पत्रमा तत्कालीन राजा महेन्द्रकै पालामा नेपाली भूमि कालापानी लिपुलेक र लिम्पियाधुरा नेपालको भएकै कारण त्यस बेलामा सीमा सुरक्षाका लागि सैन्य दस्ता राखिएको र उक्त जमिन नेपालकै रहेको भन्नेमा ज्येष्ठ नागरिक संघ नगर समितिको बिशेष ध्यानाआकर्षण भएको उल्लेख छ।

भारतले उक्त स्थान बाहेकाका विभिन्न २३ जिल्लाका ७१ वटा स्थानहरुमा ६० हजार छ सय २७ हेक्टर जमिन अतिक्रमण गरेकोले तत्काल उक्त नेपाली भूमि समेत नेपाल सरकारले फिर्ता गराउनुपर्ने ज्ञापन पत्रमा उल्लेख छ।


## तपाईंहरूको आफ्नै पत्रिका

मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल दैनिक

**प्रेस काउन्सिल नेपालद्वारा 'क' श्रेणीमा वर्गीकृत विर्तामोडबाट विगत २०५२ सालदेखि निरन्तर प्रकाशन हुँदै आएको यस दैनिकमा राहदानी हराएको सूचना, जन्मदिनको शुभकामना, श्रद्धाञ्जली/समवेदना, सरकारी सूचना लगायत विज्ञापनहरु प्रकाशन गर्न तथा ग्राहक बन्न एवम् कुनै गुनासो या सल्लाह,सुझाव भए सदैव हामीलाई सम्झनुहोला।**

केन्द्रीय कार्यालय बिर्तामोड-१, अतिथिसदन छेउ (समाचार शाखा: ०२३-५४१००२/ विज्ञापन तथा प्रशासन : ०२३-५४००४४) व्यवस्थापक: ९८४४६४२०९५/कार्यकारी व्यवस्थापक : (९८४२६३४७४०/९८१६९८१०१७), शनिश्चरे-अर्जुनधारा, खुदुनाबारी (अमित खम्बू : ९८४४६६५७८४/ ९८०६०९५८४४), पर्वेज आलम (९८१७०३५४४२/९८६२६४२६५०), मेघबहादुर राई ९८१५९९००३३, काँकरभिट्टा/बाहुनडाँगी/पानीटंकी: राजकुमार शर्मा (९८६३७०५८५५/९८०७९१३०२३), धुलाबारी: सुमन बस्नेत ९८१५०६३६३८/९८४४६११४६७, लक्ष्मीपुर/दुर्गापुर: पूर्णबहादुर कटुवाल (९८५२६७९६२२), चारपाने : बिनोद पाण्डे ( ९८५२६५५२९१), घैलाडुब्बा-डाँगीबारी : तुलसीप्रसाद निरौला (९८१६०४१६४६), सुरुङ्गा: तीर्थराज खरेल (९८४२६७१५८४), ऋषि लामिछाने (९८०६०२५०२४), माईधार : विश्वदीप पुस्तक पसल (०२३-४१००३१, ९८१७९२१६८०), दुधे : शान्तिराम बस्नेत (९८४२६५७२८३, ९८१७०६८९३७), झिलझिले/पाँचगाछी : नारायण शिवाकोटी (९८१७०००२५४), धरमपुर : हरि ढकाल (९८४२६२२८९६), दमक: डीवी बस्नेत (९८१६०८८९५९), माधव ढकाल (९८५२६७५६२२), उर्लाबारी: आशिष भुजेल ९८२९३२३५४७, पाडाजुगी/मंगलबारे/गेउरीया : गोकुल दाहाल (९८२५७५३४६१), गौरादह: विवेक घिमिरे (डण्डी) ( ९८५२६७६३०८), केरखा: उमानाथ भण्डारी (९८५२६७०६३१), खोटाङ: दिलीप खत्री (९७४३००१४७७) उदयपुर: गणेश उप्रेती (९८४२८३७९१३),भद्रपुर-चन्द्रगढी-पृथ्वीनगर: पार्थ मण्डल (९८४२६२६३०९), बुधबारे : रामचन्द्र भट्टराई (९८४४६०९३७७), टंक विकल्प (९८४२६५५८०७), होक्से : नारायण अर्याल (९८०६०६२४०३/९८४२६९७३१०), दानावारी इलाम : सुष्मा राई ( ९८१४०२६२०२), इलाम/भालुझोडा, कुटिडाँडा, कोल्बुङ: गणेश अर्याल (९८५२६८०३४४/९७५२६०५३४४), हर्कटे, कन्याम: खगेन्द्र शिवाकोटी (९८४२६२४३१९) इलाम/छिपिटार, फिक्कल : मनकामना पुस्तक पसल - यादव घिमिरे (मो. ९८०७९६७९९९), इलाम लक्ष्मीपुर: पुष्प आचार्य (मो.९८४२६६२०३६), इलाम : जौबारी, गोदक : रोम अधिकारी (९८४२७२२७६२), इलाम/गोदक धर्ममणि गौतम - ९८४२७४४७५६, इलाम नगरपालिका: विष्णु भट्टाराई/सञ्जिवनी आयुर्वेद औषधि पसल (०२७-५२१४९०/९८६२६३७७६२), पुवाखोला नुतन दुलाल ९८१५९०२३७६/९८४२६२७५६०, बर्ने/सुनमाई/शान्तिनगर : दिपेन विक ९८१६९४५९९२/९८६२६१६६४६, पथरी : नीलम थापा (कामना पुस्तक पसल) (०२१-६९११८८/९८४२०४३७६५), मोरङ बेलबारी किशोर भण्डारी (९८६२०६२०६२/९८५११६५५५६), इटहरी : तेज वन विश्वासी ९८०४०२५७४३, धरान : शैलेन्द्र दाहाल (धरान न्यूज सेन्टर) ०२५-५२८६८६/९८४२०६०९४८ , ताप्लेजुङ: बसन्त लिम्बू (९८४४६३२२३५), दुर्गाप्रसाद पौडेल (९८४२६५२७१३) भारत शिलगढी, दार्जीलिङ: मानिक कुन्डु (+९१९८००३८००८६), राँके : दुर्गाप्रसाद चौलागाई (९८०८७०७००७), घुर्विसे पञ्चमी: युद्धबहादुर बोहोरा (९८१३७५७२०६), विराटनगर: चन्दन राय (९८१२३२६९२८)




## सुमीको सन्नीसँग जुनी काट्ने इच्छा

यही मंसीर १३ गतेबाट देशव्यापी प्रदर्शनमा आउन लागेको फिल्म 'सरौतो' को रोमान्टिक गीत सार्वजनिक भएको छ। 'यो जुनी' बोलको गीतमा श्रेया सोताङ र कमल खत्रीको स्वर छ भने गायक कमल स्वयम्‌को शब्द तथा संगीत छ। हरि हुमागाईंको कोरियोग्राफी रहेको गीतको भिडियोमा अभिनेता सन्नी सिंहसँग अभिनेत्री सुमी मोक्तान बोल्ड अवतारमा देखिएकी छन्। सुमी र सन्नीको प्रेमभाव बोल्ने गीतलाई फिल्ममा कथावाचनको रूपमा प्रयोग निर्देशक हरि हुमागाईंले बताए। थुपै नेपाली फिल्म खिचिसकेका हुमागाईंले पहिलो पटक यो फिल्म निर्देशन गरेका हुन्। फिल्ममा अभिनेत्री सुमीलाई एक्सन अवतारमा प्रस्तुत गरिएको छ। फिल्ममा उनले फरक क्षमता भएकी युवतीको भूमिका निभाएकी छन्। उत्तम हुमागाईंले फिल्म खिचेका हुन्।

बदलाको कथामा निर्मित फिल्ममा सुमी र सन्नीसँगै विजय लामा, लियो ट्यांक, युवराज लामा, धीरेन शाक्य, आमिर गौतम, अरूणा कार्की, सुवाङ्गम शाह, मनिषा पुन मगर लगायतको अभिनय छ। फिल्मलाई उत्कृष्ट बनाउन आफ्नो तर्फबाट कुनै कसर बाँकी नराखेको निर्देशक हुमागाईं बताउँछन्। फिल्मको यसअघि नै एक्सनले भरिएको ट्रेलर सार्वजनिक भइसकेको छ। बिराञ्जना इन्टरटेनमेन्ट, स्क्वायर वान क्रिएसन, राइजिङ्ग फिल्म्स एण्ड ग्लिटर स्टुडियोको ब्यानरमा निर्मित फिल्ममा राघव कृष्ण गौतमको लेखन छ। फिल्ममा निमेष श्रेष्ठको सम्पादन, शंकर महर्जनको द्वन्द्व र राजनराज शिवाकोटी र पुष्पन प्रधान र कमल खत्रीको संगीत छ। 'सरौतो' आफ्नो ड्रिम प्रोजेक्ट बताउने अभिनेत्री सुमी फिल्मका लागि एक्सन सिक्न निकै मेहनत गरेको बताउँछिन्।